जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com





वर्ष २६ •अंक १३८ •२०८१ साल आश्विन १८ गते शुक्रबार (4 October, Friday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जनकपुर एयरपोर्ट बिहानैदेखि खुला

# बुद्ध एयरको मर्निंग फ्लाइट हुने, काठमाण्डुको भाडा सस्तियो

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय राजधानी काठमाण्डु जोड्ने मार्गहरु अवरुद्ध भएको बेला जनकपुरधाम विमानस्थलबाट मर्निंग फ्लाइट सुरु भएको छ।

जनकपुरधाम विमानस्थल कार्यालयका प्रमुख भिमदत्त पन्तले शुक्रवार बिहान साढे ४ बजेदेखि नै विमानस्थल सञ्चालनमा रहने बताएका छन्।

'आवश्यकता परेको बेला राति १ बजे पनि विमानस्थलबाट फ्लाइट भएको छ' उनले भने, हाल बिहान सबेरैदेखि विमान उडने व्यवस्था मिलाइएको छ।

बुद्ध एयरका स्टेशन इञ्चार्ज विजय सिंहले जनाए अनुसार शुक्रवार बिहान ५ बजे देखि नै उडान सुरु हुने छ। काठमाण्डुबाट बिहानै २ वटा विमान जनकपुरधामका लागि उड्ने उनले बताए। राजमार्ग अबरुद्ध भएपछि विमानमा यात्रुहरुको चाप अत्यधिक बढेको छ।

बुद्ध एयरले जनकपुरधामबाट काठमाण्डु जाने भाडामा भारी छुट दिएको छ। जनकपुरधामबाट काठमाण्डु जाने यात्रुहरुका लागि छुट सहित ३ हजार ५ सय भाडा कायम गरिएको सिंहले बताए।

'काठमाण्डुबाट जनकपुरधामको हवाइ भाडा सामान्य नै रहेको छ' उनले भने, जनकपुरधामबाट काठमाण्डु भएर तेस्रो मुलुक अथवा राजधानी सम्म नै जान चाहने सर्वसधारणलाई दृष्टिगत गरी भाडामा छुट दिएको छ।



जनकपुरधाम विमानस्थलमा २४ औं घण्टा नै विमान उड्ने र अवतरण गर्ने सुविधा रहेको बताउँदै पन्तले भने, विपत्‌को बेला यहाँको विमानस्थलमा यात्रुहरुको भीड देखिएको छ।

विमानस्थललाई बिहानदेखि नै राति १२ बजेसम्म सञ्चालनमा राख्न नागरिक उड्डयन प्राधिकरणले निर्देशन दिएको पन्तले जनाए। 'विमानको उडान र अवतरण सहज रुपमा भइरहेको छ' उनले भने, जनकपुरधामबाट लुक्लाका लागि उडानको परीक्षण पनि सफल भएको छ।

'रामेछापबाट लुक्लाका लागि उडान कठिन भएको बेला जनकपुरधामबाट उडान भर्न सकिन्छ' पन्तले भने, लुक्लाका लागि जनकपुरधाम विमानस्थल उपयुक्त विकल्प रहेको छ।

नेपालको सबैभन्दा डरलाग्दो विमानस्थलको रुपमा लुक्ला रहेको छ। सगरमाथाको बेस क्याम्पसम्म जाने प्रायः विदेशी पर्यटकहरुले लुक्ला जाने गरेका छन्।

बिहानदेखि नै विमानस्थल सञ्चालनमा आउने भएपछि बिहीबार साँझ सुरक्षा अधिकारी, विमानस्थल प्रमुख र विमान कम्पनीका प्रतिनिधिहरुको बैठकमा विमानस्थल सञ्चालनबारे सहमति गरेको छ।

तारा र समिट एयरलायन्सले जनकपुरधामबाट २७ मिनेटमा लुक्ला पुग्ने गरेको छ। रामेछापबाट २० मिनेट हाराहारीमा लाग्ने गरेको छ। जनकपुरधामको धार्मिक र सांस्कृतिक स्थलको भ्रमणप्रति विदेशीहरु उत्साहित देखिएको बताइन्छ। उनीहरुको बासका लागि सुविधा सम्पन्न होटेल रहेका छन्। शुक्रवार तारा एयरले रामेछाप उडान भर्ने बताइएको छ।

जनकपुरधाममा भारतीय धार्मिक पर्यटकहरु आइरहेका बेला विदेशी पर्यटकहरु पनि आउने वातावरण मिलेको छ। लुक्ला र रामेछापका लागि जनकपुरधाम विमानस्थल सुरक्षित र उपयुक्त रहेकाले टुर्स एण्ड ट्राभल्स कम्पनीहरुले प्राथमिकता दिनुपर्ने जनकपुरधाम उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष सुरेन्द्र भण्डारीले बताए।

'तेस्रो मुलुकका पर्यटकहरुको स्वागत सत्कार र खानपिनका लागि होटेलहरुले दक्ष जनशक्तिको व्यवस्थ ागर्न सक्छन्' उनले भने, सुविधा सम्पन्न होटेलहरु अहिलेपनि रहेको र केहि निर्माणाधीन पनि रहेका छन्।

जनकपुरधाम विमानस्थलबाट बुद्ध एयर र यति एयरलायन्सले नियमित रुपमा उडान गर्दै आएका छन्। विगतमा सौर्य र अग्नी एयरलायन्सले पनि उडान भर्ने गरेको थियो।

केही वर्ष पूर्वसम्म जनकपुरधामबाट रामेछाप मन्थली विमान सेवा थियो। राष्ट्रिय ध्वजावाहक नेपाल एयरलायन्सले उडान बन्द गरेपछि केही समय यति एयरलायन्सको उडान भरेको थियो। जनकपुरधामबाट बुद्ध एयरले पोखराका लागि सुरु गरेको उडान लामो समय हुन सकेन।

जनकपुरधामबाट भारतको राजधानी नयाँदिल्ली हवाई सेवा सुरु गर्न आवश्यक रहेको बताइन्छ। जउवासंघका अध्यक्ष भण्डारीले जनकपुरधाम आउन चाहने भारतीय पर्यटकहरुका लागि विमान सेवा हुनुपर्नेमा जोड दिए। नयाँ दिल्लीसम्म विमान सेवा भए जनकपुरधाममा आउने पर्यटकहरुको संख्यामा भारी बृद्धि हुने उनको विश्वास छ।










# स्वास्थ्य सेवाका सूचक पालनामा जलेश्वर नगरपालिका प्रथम

**टुडे समाचारदाता**

जलेश्वर । स्वास्थ्य क्षेत्रका समस्याहरूकोपहिचानतथास्वास्थ्यक्षेत्रका सेवाका सूचकहरुहरुको पालनाको आधारमा महोत्तरी जिल्लाको जलेश्वर नगरपालिकालाई प्रथम भएको छ।

स्वास्थ्य कार्यालय महोत्तरीले सदरमुकाम जलेश्वरमा गरेको दुई दिवसीय समीक्षापश्चात् स्वास्थ्य सेवाका सूचकहरूको पालना गरेको आधारमा जलेश्वर नगरपालिकालाई स्वास्थ्य क्षेत्रमा प्रथम घोषणा गरिएको स्वास्थ्य कार्यालय महोत्तरीले जनाएको छ।



स्वास्थ्य कार्यालय महोत्तरीका प्रमुख नवलकिशोर साहले जिल्लाको विभिन्न पालिकाहरूमा देखिएको खोप कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रम, परिवार नियोजन कार्यक्रम, महामारीजन्य रोग सम्बन्धी, सर्ने/नसर्ने रोगहरू लगायतका लक्ष्य अनुसारको उपलब्धि हासिल गरेको कार्यहरूको आधारमा पालिकाहरूलाई प्रथम, दोस्रो तथा तेस्रो घोषणा गरिएको बताए । उनले स्वास्थ्य क्षेत्रको योजना, उद्देश्य तथा उपलब्धिसहितका सूचकहरूलाई मध्यनजर गर्दै जलेश्वर नगरपालिका प्रथम स्थान, बर्दिबास नगरपालिका दोस्रो स्थान र मटिहानी नगरपालिकाले तेस्रो स्थान हासिल गरेको बताए।

उनले जिल्लाको १० नगरपालिका र पाँच गाउँपालिकाको स्वास्थ्य सेवाहरूको वार्षिक समीक्षा (लेखाजोखा) पश्चात् यस्तो निर्णय गरिएको जानकारी दिँदै समीक्षा कार्यक्रममा विभिन्न पालिकाहरूमा स्वास्थ्य क्षेत्रमा कामकाज गर्दै आएका संघसंस्थाहरुको समेत सहभागिता रहेको बताए। सो कार्यक्रममा विगतको आर्थिक वर्षमा महोत्तरी जिल्ला पूर्ण खोप घोषणा भएको, विगत वर्षको तुलनामा यस वर्ष सरुवा रोगमा कमी भएको तथा पालिकाहरूको स्वास्थ्य क्षेत्रमा देखिएको कमीकमजोरीहरू केलाउन सहयोग मिलेको स्वास्थ्य कार्यालय प्रमुख साहले बताए।

सो समीक्षा कार्यक्रम समापनको अवसरमा मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन प्रसाद सिंहले मधेश प्रदेशमा कर्मचारी समायोजन नभएकोले केही समस्या देखिएको बताए।

उनले कर्मचारी समायोजनका लागि प्रयासरत र प्रक्रियामा रहेको बताए। उनले धेरै समस्याहरूको बाबजुद स्वास्थ्यकर्मीहरुले गरिरहेको योगदानको सराहना गर्दै जनतालाई सेवा, सुविधाको क्षेत्रमा सबैको उत्तिकै सहयोग र समन्वय हुनुपर्ने बताए।

औषधि वितरण, स्वास्थ्य बीमालगायतका क्षेत्रहरूमा तपाई उठाएका समस्याहरू रहेको स्वीकार्दै मन्त्री सिंहले भने, 'हामीहरू नीति निर्माणमा रहेकोले समस्या समाधानको प्रयास गरिरहेका छौं, एक लाखको स्वास्थ्य बिमालाई पाँच लाख पुऱ्याउने गरी गृहकार्य समेत भइरहेको छ।'

सो कार्यक्रममा स्वास्थ्य निर्देशनालय सपही धनुषाका निर्देशक डा. राजीवकुमार झा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको महाशाखा प्रमुख डा. वर्षा प्रकाश सहित १५ वटै पालिकाका स्वास्थ्य संयोजकहरू, चौतारी नेपाल, वन हर्ट वर्ल्ड वाइडलगायतका स्वास्थ्य क्षेत्रमा कामकाज गर्दै आएका संघसंस्थाका पदाधिकारीहरूको उपस्थिति थियो।

# महोत्तरीमा विशेष सुरक्षा परिचालन

**टुडे समाचारदाता**

जलेश्वर । नजिकिँदो चाडबाडलाई लक्षित गरी महोत्तरीमा भरपर्दो सुरक्षाव्यवस्था मिलाइएको महोत्तरी प्रशासनले जनाएको छ। दशैँसँगै तिहार लगत्तै छठ जस्ता प्रमुख पर्व नजिकिँदै गएकाले जिल्लाभर सुरक्षा सतर्कता बढाइएको प्रशासन कार्यालयले जनाएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले चाडपर्वलाई सुरक्षित, मर्यादित र सद्भावपूर्ण बनाउन चाडबाडलक्षित सुरक्षा योजना परिचालन गरिएको जानकारी दिए । पर्वको समयमा शान्ति सुव्यवस्था कायम गर्न अमन चयन खलबलिन सक्ने स्थानको पहिचान गरी ती ठाउँमा विशेष सुरक्षा परिचालनको व्यवस्था मिलाइएको न्यौपानेले बताए।

उनले भने, "विशेषतः दशैँको मेला लाग्ने, दुर्गा मन्दिर र मूर्ति भएका स्थानलाई सुरक्षाको विशेष निगरानीमा राखिएका छन्।

विगतका घट्नाक्रम, सामाजिक एवं धार्मिक स्वरूप र भौगोलिक अवस्थिति जस्ता विषयलाई विश्लेषण गरी सुरक्षा परिचालनको व्यवस्था मिलाइएको छ।" चाडबाडको बेला सशस्त्र र नेपाल प्रहरीलाई सतर्क अवस्थामा राखिएको छ। जलसागरस्थित सशस्त्र प्रहरी बल नेपाल नं. ९ गण हेडक्वार्टर महोत्तरीका सशस्त्र उपरीक्षक विनोद केसीले गाउँघरदेखि नेपाल-भारत सीमा क्षेत्रसम्म गस्तीलगायतको सुरक्षा प्रवन्ध मिलाइएको बताए।

केसीले भने, "क्रसबोर्डर अपराध नियन्त्रणका लागि भारतीय सुरक्षा निकायसँग पनि समन्वय र सहमति भएको छ । घटस्थापनादेखि मूर्ति विसर्जनको अवधिसम्म सीमानाकामा सूक्ष्म निगरानी, सूचना



आदानप्रदानका साथै सुरक्षा जाँचलाई पनि तीव्रता दिइएको छ।" चाडबाड लक्षित सुरक्षाका लागि गाउँबस्तीदेखि वन क्षेत्रसम्म १५ प्रकारको सुरक्षा परिचालनको व्यवस्था मिलाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ। विशेष सुरक्षा योजनालाई जिल्ला सुरक्षा समितिको बैठकले पनि पारित गरिसकेकाले कार्यान्वयन तयारी गरिएको छ।

जिल्ला प्रहरी कार्यालयका नायब प्रहरी उपरीक्षक एवं सूचना अधिकारी सन्तुलालप्रसाद जैसवारले सादा पोसाकमा सुरक्षा परिचालन, यातायात सुरक्षा, आकस्मिक चेक जाँच, यात्रु सुविधाका लागि नागरिक सहायताकक्ष स्थापना, प्रमुख मार्गमा ट्राफिक र नेपाल प्रहरीको संयुक्त गस्तीलगायतका व्यवस्था मिलाइएको बताए । प्रहरीले रात्रिकालीन यात्रु बसको सुरक्षालाई ध्यानमा राखेर वन क्षेत्रमा सुरक्षाको विशेष प्रवन्ध मिलाएको पनि उनले बताए।

पूर्व-पश्चिम लोकमार्गको महोत्तरी खण्डमा करिब १७ किलोमिटर घना जंगल पर्छ । सुरक्षाको दुष्टिकोणले वन क्षेत्र संवेदनशील मानिन्छ। प्रहरीले रात्रिकालीन यात्रु बसको सुरक्षालाई ध्यानमा राखेर ती क्षेत्रमा सुरक्षाको विशेष प्रवन्ध मिलाएको जनाएको छ। पर्वको अवधिभर राजमार्गको वन क्षेत्रमा सघन गस्ती र आकस्मिक सुरक्षा चेकजाँचका साथै रात्री वसमा सादा पोसाकको प्रहरी परिचालनको व्यवस्था मिलाइएको जैसवारले बताए। उनले राजमार्ग क्षेत्रमा सुरक्षा प्रभाव बढाउन सशस्त्र प्रहरीसँग पनि सहकार्य गरिएको बताए।

प्रहरीले बिपी मार्ग र जिल्लाका भित्रि सडकमा समेत थप सुरक्षा निगरानी, आकस्मिक गस्ती, 'क्वीक रेस्पोन्स टिम', प्रहरी पिकेट जस्ता विशेष सुरक्षा परिचालन मिलाएको जनाएको छ। पर्वका बेला चर्को स्वरमा माइक बजाउने, ध्वनि प्रदूषण गर्ने जस्ता गतिविधि नियन्त्रणका लागि प्रशासनले डिजे बजाउन पनि रोक लगाएको छ।

विगतका वर्षमा विवाद, झडप र गोली चलाउनुपर्नेसम्मका अप्रिय घटना घटेकाले त्यसको पुनरावृत्ति हुन नदिन प्रशासनले भारतीय आरकेस्ट्रामाथि प्रतिबन्ध गरिएको छ।

# राजदेवी मन्दिर डुबानमा

जलेश्वर। यहाँको जलेश्वर-२ स्थित प्रसिद्ध माता राजदेवी मन्दिर बाढीका कारण डुबानमा परेको छ।

मन्दिरको गर्भगृहमा चार



फिट पानी जमेको छ। पानी जमेकै कारण विहिबार बडा दसैँको घटस्थापनाको दिन माताको प्रतिमा अगाडि जमरा राख्न नसकिएको पूजारी राम पृत गिरीले बताउनुभयो। पानीले माताको प्रतिमा डुबानमा परेको छ। मन्दिर बाहिरका भू-भाग पनि जलमग्न रहेको पूजारी गिरीले जानकारी दिनुभयो।

पूजारी गिरीले मन्दिरको पछाडिपट्टीको खाली भागमा पूजा अर्चना गरी जमरा राखिएको बताउनुभयो। उक्त मन्दिर जलेश्वर नगरपालिकाको सबैभन्दा होचो ठाउँमा रहेको कारण बाढी गएको पाँच दिन भइसक्दा पनि पानीको सतह कम नभएको हो। डुबानका कारण बडादसैँको पूजाआजा प्रभावित हुने अनुमान गरिएको छ।

पूजा समितिका अध्यक्ष अमितकुमार साहले सबै शक्ति पीठमा बडा दसैँको पूजा अर्चना भइरहँदा जलेश्वर नगरपालिकालाई दमकल लगाएर माता राजदेवीको गर्भगृहको पानी बाहिर निकाल्न अनुरोध गरेपनि नगरपालिकाले चासो नदेखाएको गुनासो गर्नुभयो। राजदेवी मन्दिरको गुफा, बाहिरी सतह र मन्दिर जाने बाटोसमेतमा पानी जमेको छ।रासस

# कोशीको बाढीः कसैलाई डर, कसैलाई अवसर

धरान। केही दिनको अविरल वर्षाले देशभरको जनजीवन अस्तव्यस्त बन्यो । राजधानी काठमाडौँलगायत आसपासको क्षेत्रमा अत्यधिक वर्षाले ठूलो विपत्ति निम्त्यायो । सयौँले ज्यान गुमाए भने अर्बौंको क्षति भयो । यसपटकको भीषण वर्षाले कोशी प्रदेशमा पनि ठूलो क्षति पुगेको छ । कोशीसहित विभिन्न नदीमा आएको बाढीले धेरैको उठिबास लगायो। कति पुल भत्किए, कति बस्ती उजाडिए । तर, नदी किनारक्षेत्रका केही सर्वसाधारणलाई भने कोशीमा आएको बाढी अवसर पनि बनेको छ।



बराहक्षेत्र नगरपालिका-६ का वीरवल माझी कोशी नदीबाट दाउरा झिकेर परिवारको गर्जो टार्नुहुन्छ। उहाँले वर्षायामको बेला वर्षभरि पुग्ने दाउरा कोशीबाट सङ्कलन गर्दै आउनुभएको थियो। सङ्कलित दाउरा आफूले बाल्ने र धेरै भएमा बेचेर गुजारा चलाउने उहाँको पुरानै पेसा हो। यसपटकको बाढीले धेरै दाउरा बगाएर ल्याएपछि एक वर्षलाई पुग्ने गरी जोहो गरेको उहाँले बताउनुभयो। खाना पकाउनेदेखि आफूले पालेको १५ सुङ्गुर र पाँच भैँसीलाई कुँडो पकाउन एकवर्षका लागि दाउराको जोहो भएकामा उहाँ ढुक्क हुनुहुन्छ।

"यो वर्ष मनसुन सकिने बेलामा बाढी आयो । घर अलि पर भएकाले केही क्षति हुन पाएन", माझीले भन्नुभयो, "यस पटकको जस्तो बाढी कोशीमा आएको मैले अहिलेसम्म देखेको थिइँन । दाउरा पनि धेरै ल्यायो ।" तीन दिनको भारी वर्षाका कारण आएको बाढीले अहिले बराह क्षेत्रका धेरैजना दाउरा सङ्कलनमा व्यस्त छन्।

माझीजस्तै मजदुरी गर्ने अधिकांश दसैँ खर्च जुटाउन रातदिन नभनी दाउरा सङ्कलन गरिरहेका छन्। चतराको कोशी किनार क्षेत्रमा ज्याला मजदुरी गरेर जीविका चलाउँदै आएका उनीहरू अहिले कोशीबाट निकालेको दाउरा बेचेर आम्दानी गरिरहेका छन् । नदीको भेलले बगाएर ल्याएको दाउरा सङ्कलन गरेर जीविका चलाउनेको दैनिकी यतिबेला कोशी बगरमा बितेको छ। बाढीले किनाराका बासिन्दा त्रसित बने पनि माझीजस्ता कतिपयका लागि अवसर बनेको छ।

बराहक्षेत्र-८ की सोभा चौधरी पनि कोशीबाट दाउरा निकालेर दसैँ खर्च जुटाइरहनुभएको छ । नदीबाट दाउरा निकालेर बगरमा राखेको देख्दा धेरैले सजिलो ठानेपनि ज्यानको बाजी राखेर भेलबाट दाउरा निकाल्नु चुनौतीपूर्ण रहेको उहाँको भनाइ छ। उहाँ भन्नुहुन्छ, "सजिलो त कहाँ छ र दाउरा निकाल्न। निकै बल लगाउनुपर्छ। निकालेर राखेको दाउरा पनि कहिलेकाहीँ भेलले फेरि बगाइदिन्छ।"

कोशीमा बाढी आएको बेला रातिदेखि किनारमा दाउरा सङ्कलन गर्नेको भीड लाग्छ । कोशीमा राम्रोसँग पौडिन सक्ने बलिया पुरुष डुङ्गा लिएर नदीको बीचसम्म पुगेर दाउरा सङ्कलन गर्छन् । महिला र पौडिन नआउनेहरु बगर छेउमा बसेर दाउरा सङ्कलन गर्छन्।

जोखिम मोलेर कोशीबाट निकालिएको दाउरा बजारमा प्रति ट्याक्टर रु १२ हजारदेखि २० हजारसम्ममा बिक्री हुने गरेको बराहक्षेत्र-८ जितपुरका आसा चौधरी बताउनुहुन्छ । कतिपयले बाढीले बगाएर ल्याएको दाउरा एकदिनमै तीन देखि चार ट्याक्टरसम्म सङ्कलन गर्न भ्याउँछन् । उहाँले भन्नुभयो, "अरुबेला जङ्गलमा साइकल लिएर दाउरा खोज्न घण्टौँ लाग्छ, अहिले बाढीले ल्याएको दाउरा सङ्कलन गर्न सके वर्ष दिनलाई ढुक्क।" पैसाको खाँचो परेको बेला दाउरा बेचेर पैसा पनि लिन सकिने उहाँ बताउनुहुन्छ।

कोशी नदीको बीचमा रहेको बराहक्षेत्र वडा नं ६ र ९ कोशीटप्पुमा यतिबेला दाउराको बिस्कुन सुकाएझैँ दृश्य देखिन्छ। कोशीटप्पुका बासिन्दाको आम्दानीको मुख्य स्रोत बाढीले बगाएर ल्याएको दाउरा हो। बाढीले दाउरा मात्र होइन, ठूला रुख पनि बगाएर ल्याउने गर्छ। त्यहाँका युवाहरुले समूह बनाएर ठूल्ठूला रुख चिरेर राम्रो काठ निकाली बढी मूल्यमा बिक्री गर्ने गरेको कोशीटप्पुका स्थानीयवासी सन्तोष राजवंशीले बताउनुभयो। रासस

# जलसतह घटेपछि कोशी ब्यारेजमा चहलपहल



राजविराज । सप्तरी र सुनसरीको सिमानामा रहेको कोशी नदीमा जलसतह घट्दै जाँदा चहलपहल बढेको छ।

कोशी ब्यारेजको हुँदै आफ्नो गन्तव्यतर्फ जानेहरू निश्चिन्त भएर गरिरहेको देख्न सकिन्छ । केही दिनअघि अविरल वर्षाले कोशीमा पानीको बहाव बढेका कारण यहाँ व्यक्ति र यातायातका साधन आवतजावतमा रोक लगाइएको थियो। गर्मीयाम होस् या चाडपर्वका बेला सधैँजसो चहलपह हुने यस स्थानमा पुनः पुरानै अवस्था फर्किन थालेको स्थानीय भागवत मण्डलले बताउनुभयो।

कोशी पुलमा दसैँ सुरु भएदेखि यहाँ विभिन्न ठाउँबाट वनभोज मनाउन आउनेको धेरै भीड लाग्ने गरेकामा यस वर्ष पनि सोही अवस्था कायमै रहने विश्वास जागेको उहाँको भनाइ छ। "विशेषगरी कात्तिक, मङ्सिर, पुस, माघ र फागुनमा आन्तरिक तथा बाह्य पर्यटक बढी आउने गरेको देखिन्छ", उहाँले भन्नुभयो, "कोशी ब्यारेजको अवलोकन र भम्रण गर्न बढी भारतको विहारबाट आउने गर्दछ।"

केही दिनअघि कोशी ब्यारेजमा भेटिनुभएका भारत विहार राज्यको सुपौलका भागवत मिस्त्रीले बाढीले यहाँको अवस्था त्रस्त रहे पनि विस्तारै सहज बन्दै गएको र भारतबाट पनि यहाँ अवलोकन गर्न आउनेको सङ्ख्या बढ्न थालेको सुनाउनुभयो । "म यहाँ पहिलोपटक आएको हो वास्तवमै राम्रो रहेछ । यहाँको हावापानी पनि निकै राम्रो छ । यसलाई पर्यटकीय रूपमा विकास गर्न सकेको भए यहाँ धेरै मान्छे आउँथे । यहाँका जनता र सरकारलाई फाइदा हुन्थ्यो", उहाँले भन्नुभयो।

सोही ठाउँका शम्भु यादवले कोशी ब्यारेजको अवलोकन गर्न सुपोलबाट धेरैजसो विद्यार्थी घुम्न आउने गरेको बताउनुभयो। नजिकै रहेको कोशी क्षेत्रमा उनीहरू वनभोज, घुम्नघाम र रमाइलोका लागि आउने गरेको उहाँको भनाइ छ । "वर्षाका कारण केही दिन पहिले निकै समस्या भयो । हामीले सोचेका थियौँ, अब त तहसनहसका अवस्था पो आउँछ कि तर त्यस्तो भएन । फेरि चहलपहल देख्दा खुसी लागेको छ", उहाँको भनाइ थियो ।रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ। |
| बृष | : बौद्धिक क्षमता। |
| मिथून | : प्रतिभा सम्पन्नता। |
| कर्कट | : शिक्षामा उन्नति। |
| सिंह | : पारिवाहिक सुख। |
| कन्या | : धन वृद्धि सञ्चय। |
| तुला | : प्रेम प्रसंग, मित्र सुख। |
| बृश्चिक | : सुख समृद्धि हुने। |
| धनु | : भ्रमण अवसर हुने। |
| मकर | : अवसर प्राप्त। |
| कुम्भ | : वाद विवादबाट बच्नु। |
| मीन | : नयाँ कार्य हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



दशहरा (दसैं) पर्वको पहिलो दिन बिहीबार घटस्थापनाका लागि मटिहानीमा भएको कलश यात्रामा उर्ल्यो जनसागर । *तस्विरः रासस*

# बौधी माई पूजा शुभ कलश यात्रा सु-सम्पन



**वीरेन्द्र कुमार पासमान**

जनकपुरधाम । नगराईन नगरपालिका वडा-६ लगमा (पछ्वारी टोल) स्थित बौधी माई पूजाको कलश यात्रामा सयौ श्रद्धालु भक्तजनहरुले सहभागीता जनाएका छन् ।

दस दिनसम्म लाग्ने मेलाका लागि हरि दासको अध्यक्षतामा मेला समिति समेत गठन गरिएको छ। समितिको उपाध्यक्षमा महाजन दास,कोषाध्यक्षमा रामसुवेदी दास र सचिवमा दिनेश दास चयन भएका छन भने सदस्यहरुमा मन्टुट देवी दास,बबिता देवी दास लगायतका छन् । त्यसैगरि समितिको सल्लाहकारमा पुर्वअध्यक्ष चन्दर दास,महाविर दास,रामबाबु दास,राजकुमार दास,रामननदन दास,लक्ष्मण दास लगायतका छन् ।

खासगरि महिलाको मनोवाञ्छित मनोकामना पुरा हुने विश्वासका साथ बौधीमाईको मन्दिरमा महिला भक्तजनले झिझिया खेलेर उत्सव मनाउदै आएको छ । बौधीमाईको मन्दिरमा धेरै ठाउमा बलि प्रदान गरिदै आएपनि लगमा पछ्वारी टोल अवस्थित बौधीमाईको मन्दिरमा अहिलेसम्म बलि प्रथा नगरिएको मन्दिरका पुजारी विजय कुमार दासले जानकारि दिएका छन् ।

# सबैको सहयोगले बाढीपीडितको पीडामा मलहम

गौर । अविरल वर्षाका कारण देशभर बाढीपहिरो र डुबानले समस्या भयो । त्यसको असर रौतहटमा पनि पऱ्यो । यहाँ सयौँ नागरिक विस्थापित भए । कैयौँको घरमा रहेका खाद्य सामग्री कामै नलाग्ने गरी डुबानमा पर्दा हातमुख जोर्नसमेत निकै समस्या भएको छ।

यसरी विपद्‌को पीडामा रहेकाहरूको सहयोगका लागि हाल यहाँस्थित सबै सरोकारवालाहरूले सहयोगी हात अगाडि बढाउँदा केही भए पनि राहत मिलेको छ । तीन तहका सरकार, जिल्लास्थित राजनीतिक दल, उद्योगी-व्यावसायी एवं नागरिक समाजको सहयोग र सहकार्यमा बाढी प्रभावित रौतहटवासीलाई राहत सहयोग उपलब्ध गराउने काम तीव्र रूपमा भइरहेको छ।

जिल्ला प्रशासन कार्यालयको संयोजनमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागअन्तर्गतका राष्ट्रसेवक कर्मचारीले प्राप्त जिम्मेवारीअनुसार राहत सामग्री सहयोग, उद्धार तथा शान्ति सुरक्षाको काममा अहोरात्र खटिएको भनी जिल्लामा सर्वत्र प्रशंसा भएको छ। यसैगरी अविरल वर्षाका कारण डुबानमा परी भत्किएका सडक निर्माण तथा मर्मतसम्भार, ढल, सिँचाइ-कुलो र खानेपानी व्यवस्थापन तथा झाडापखला, हैजाजस्ता रोगबाट जनतालाई जोगाउन सम्बद्ध सरकारी निकायका बीच समन्वयात्मक ढङ्गबाट काम भइरहेको प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी बताउनुहुन्छ।

जिल्लास्थित प्रमुख राजनीतिक दल तथा तिनका भ्रातृ सङ्घसस्थाका तर्फबाट सरकारी संयन्त्रको सहयोगमा प्रारम्भिक क्षतिको विवरण सङ्कलन, राहत सहयोग, उद्धार तथा चेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिएको नेपाल कम्युनिष्ट पार्टी (एमाले) का केन्द्रीय सदस्य एवं रौतहट इन्चार्ज अजय गुप्ता बताउनुहुन्छ ।यसैगरी नेपाली कांग्रेसका नेता एवं जिल्ला सभापति कृष्णकुमार यादव बाढी प्रभावित स्थानीय जनताको सुखदुःखमा साथ दिन पार्टीले निर्देशन दिएबमोजिम आआफ्नो कार्यक्षेत्रमा कांग्रेसजन अहोरात्र खटिरहेको बताउनुहुन्छ।

नेपाल कम्युनिष्ट पार्टी (मोओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) र आम जनता पार्टीका नेताहरूले पनि विद्यमान असहज परिस्थितिमा विचारभन्दा माथि उठी बाढी प्रभावित जनतालाई राहत सहयोग उपलब्ध गराउन आआफ्ना पार्टीपङ्क्तिलाई परिचालन गरिसकेको बताएका छन् । उहाँहरूले दसैँ, तिहार, छठजस्ता चाडपर्वलाई दृष्टिगत गरी प्राथमिकताका साथ राहत सहयोग उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गरिएको बताउनुभएको छ।



यसैगरी मधेस प्रदेश सरकारले बाढीपीडितका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै प्राथमिकीकरणका आधारमा मातहतका जिल्ला तथा पालिकाका पीडितलाई सहयोग उपलब्ध गराउने जनाएको छ । स्थानीय पालिकाहरूले पनि बाढी प्रभावितलाई निःशुल्क रूपमा खानाको प्रबन्ध, दालचामलसहित खाद्यान्न, त्रिपालसहित चिकित्सक एवं स्वास्थ्यकर्मीको व्यवस्था गरेका छन् । जिल्लास्थित पालिका तथा वडाहरूको संयोजन तथा सहयोगमा बाढीपीडित जनतालाई अनुकरणीय साथ सहयोग प्राप्त भइरहेको एकीकृत समाजवादीका केन्द्रीय सदस्य रेवन्त झा बताउनुहुन्छ । कटहरिया नगरपालिका प्रमुख जयप्रकाश जयसवालले प्रभावित परिवारका घरघरमा गई धनमाल, पशुचौपाया, धानबालीमा भएका क्षतिको विवरण सङ्कलन गरी राहत सहयोग उपलब्ध गराउन जुटिरहेको बताउनुभयो । नगरपालिकाको वडा नं १ भसेडवामा बाढी प्रभावित करिब एक सय ५०, वडा नं २ को जमुनिया छेदीचोक टोलमा ६१ र वडा नं ४ मा दुई सय ५० परिवारलाई कटहरिया नगरपालिकाले दालचामल, त्रिपाललगायत राहत सामग्री उपलब्ध गराएको नगरप्रमुख जयसवालले जानकारी दिनुभयो।

यसैगरी बाराको पचरौता नगरपालिका प्रमुख जलन्धर सिंह (कुर्मी), एमाले मधेस प्रदेश कमिटी सदस्य एवं रौतहटका पूर्वसांसद् बबन सिंह र एमाले जिल्ला उपाध्यक्ष रुपेश पटेलको सहयोगमा पचरौता नगरपालिकाका उपप्रमुख, वडाध्यक्षसहित चिकित्सक एवं स्वास्थ्यकर्मी सम्मिलित टोलीले स्थानीय पालिका तथा वडा कार्यालयको सहकार्यमा बाढी प्रभावित राजदेवी नपा वडा नं ८ को लक्ष्मीपुर, दुर्गा भगवती गापा वडा नं ५ को बडहर्वा र परोहा नपा वडा नं ३ को तेजापाकड टोलका जनतालाई निःशुल्क खाना तथा स्वास्थ्य सेवा उपलब्ध गराउनुभएको छ।

रौतहटमा अविरल वर्षाबाट दुई जनाको मृत्यु हुनुका साथै करिब दुई हजार परिवार प्रभावित भएको प्रमुख जिल्ला अधिकारी रेग्मीले जानकारी दिनुभयो।

विशेषगरी वाग्मती नदीलगायत अन्य खोलानाला प्रभावित क्षेत्रमध्ये गढीमाई नगरपालिकाको धरमपुर र समनपुर, कटहरिया नपाको जमुनिया र छेदीचौर, गौर नपाको सब्गाढाको लच्कालग, इस्नाथ नपाको बैरियालगायत क्षेत्र बाढीबाट बढी प्रभावित भएका छन्। प्रमुख जिल्ला अधिकारी रेग्मीका अनुसार जिल्लास्थित सरकारी निकायका अतिरिक्त सर्वदलीय एवं सर्वपक्षीय संयन्त्र बाढी तथा डुबानबाट भएको क्षतिको प्रारम्भिक विवरण सङ्कलनसहित राहत सामग्री सङ्कलन तथा सहयोग र उद्धारमा जुटिरहेका छन्।

उहाँ भन्नुहुन्छ, "प्राकृतिक विपद्‌को दुःखद् घडीमा बाढीपीडित परिवारले राहत सहयोगको अपेक्षा गरिनु स्वाभाविक हो । स्रोतसाधन तथा आवश्यकतालाई दृष्टिगत गरी पीडित परिवारलाई यथाशक्य छिटो सहयोग उपलब्ध गराइनेछ । उदारतापूर्वक सक्दो सहयोग गरी बाढीपीडित परिवारजनका पक्षमा ऐक्यबद्धता जनाउन सबैसँग अनुरोध गर्दछु।"रासस

# वसन्तको दिदीको बिहे गर्ने र भाइ पढाउने सपना झ्याप्ले खोलामा अस्तायो

बरहथवा । गत शुक्रबार धादिङको धुनीबेँसी नगरपालिका-९, झ्याप्ले खोलाको पहिरोमा पुरिएर सर्लाहीको हरि पूर्वा नगरपालिका-२, का १८ वर्षीय वसन्तकुमार साह सधैँका लागि अस्ताए । आर्थिक रुपमा कमजोर परिवारको सुख किन्ने वसन्तको सपना पहिरोमा पुरिएर सदाका लागि बिलायो।

घरको जेठो छोरा वसन्त पढाइमा निकै मेहनती थिए । "परिवारको दुःख हटाउनु भनेर सधैँ मलाई सम्झाउथ्यो", बुवा भरत साहले रासससँग भक्कानिँदै भन्नुभयो, "धेरै पढेर ठूलो मान्छे बन्ने, दुई दिदीको विवाह गर्ने र एउटा भाइलाई धेरै पढाउने उसको सपना थियो।"

छोराको शोक बारेर बस्नुभएका भरतले भन्नुभयो, "परिवारको बिचल्ली बनाएर गयो, घरको एउटा ठूलो खम्बा ढल्यो बाबु, अब कसले यो घरको काँध थाम्छ ?" भरतले सामान्य किराना पसल चलाउनुहुन्छ । परिवारको लालनपालन तथा छोराछोरीको शिक्षा दिक्षाको एकमात्र आधार यही किरान पसल हो।

थोरै भएको खेतमा फलेको अन्नले मुस्किलले परिवारको वर्षभरीको छाक टर्ने उहाँले बताउनुभयो। "छोराले राम्रो पढ्दै गएकाले अब दुःखको दिन गयो भन्ने लागेको थियो", भरतले भन्नुभयो, "यो के बज्रपात पऱ्यो।" घटना भएको दिनदेखि घर मात्र होइन गाउँ नै शोकमा छ। परिवारमा पूरै अन्धकार छाएको छ। वसन्तकी आमाको राम्रोसँग होस आएको छैन।



वसन्तले कक्षा ६ सम्मको अध्ययन गाउँकै स्कुलबाट गरेका थिए।उनले कक्षा ६ देखि एसइईसम्मको पढाइ भने चितवनको प्रभात माविबाट गरेका हुन्। गत शैक्षिक सत्रमा एसइई परीक्षा पास भएपछि कक्षा ११ र १२ पढ्न उनी काठमाडौँ गएका थिए । दिदी विभाकुमारीसँगै बसेर उनले काठमाडौँको नयाँ बानेश्वरस्थित लिभरपुल कलेजमा विज्ञान विषय लिएर अध्ययन गरिरहेका थिए।

क्याम्पसले उनलाई एसइईका केही शैक्षिक प्रमाणपत्र ल्याउन ताकेता गरेपछि गत बिहीबार मात्र उनी चितवन पुगेका थिए । शुक्रबार बिहान विद्यालय पुगेर कागजात सङ्कलन गरेपछि साँझ माइक्रो बसमार्फत उनी काठमाडौँ फर्कदै थिए। राति १:२५ बजेको समयमा काठमाडौँमा भएकी दिदी विभासँग फोन सम्पर्क गरेका उनी त्यसपछि भने सम्पर्कमा आएनन्। "फोनमा भाइलाई कहाँ आइपुग्यो भनेर सोधेको थिएँ", दिदी विभाले भन्नुभयो, "दिदी म आउँदै छु, रातको समय जङ्गलको बिचमा जाममा परेको छु, जाम खुल्यो भने छिट्टै आइपुग्छु भनेको थियो, आनन्दले सुत्नु भनेको भाइको कुरा गर्दागर्दै फोन काटियो, किन भाइले राख्छु पनि नभनी फोन काट्यो भनेर फोन सम्पर्क गर्न खोजे, तर फोन लाग्दै लागेन।"


बाढीपहिरोले सडक अवरुद्ध भएका खबर एकनासले आइरहेका कारण कतै जाममा अलपत्र पर्योकी भन्ने आसमा खोजी सुरु गरेको दिदी विभाले बताउनुभयो । "आमाबुबालाई पनि सबै कुरा खबर गरिदिए, दिउँसोबाट झ्याप्ले खोला पहिरोमा बस र माइक्रो पुरिएको खबरपछि भने हामी आत्तियौँ, सुरक्षाकर्मीले धमाधम शव निकाल्न थाले, तर हामी जान सक्ने अवस्था थिएन।"

चितवनदेखि नै पहिरो खसेको ठाउँमा बुवा र भिनाजुले सोधीखोजी गर्दै जाँदा झ्याप्ले खोलामा खटिएका सुरक्षाकर्मीले शव काठमाडौँ लगेकाले उतै जान सल्लाह दिएको विभाले बताउनुभयो।

"सोमबार बिहान शव पहिचान गर्न दिए, त्यसपछि छोराको शव लिएर घर कसरी आइपुगे कुनै होस छैन, सबै प्रक्रिया पूरा गर्दा साँझ ३ बजे काठमाडौँबाट हिँडेका थियौँ र भोलिपल्ट मङ्गलबार बिहान घर आइपुगेका थियौँ", बुवा भरतले भन्नुभयो, "छोराको शोकमा बसेको छु, मेरो ठूलो सपना, आशाको दियो पहिरोको लेदोमा हरायो, बाबा इञ्जिनीयर बनेर सरकारी सेवा गर्छु भन्थ्यो, परिवारमा खुसी ल्याउँछु भन्थ्यो सबै चकनाचुर भयो।"रासस

# वीरगञ्जको गहवामाईमा बिहानैदेखि दशनार्थीको घुइँचो

वीरगञ्ज । दुर्गापक्षअन्तर्गत विहिबार पहिलो दिन वीरगञ्जको प्रसिद्ध मन्दिर गहवामाई भगवतीसहित जिल्लाका मन्दिरमा बिहानैदेखि दशनार्थीको घुइँचो लागेको छ।




नवरात्रमा देवीका मन्दिरमा दर्शन गरी पूजाआजा गरेमा सुख, शान्ति प्राप्त हुने तथा विजयी भइने धार्मिक विश्वासका साथ जिल्लाका देवी मन्दिरमा दशनार्थीको घुइँचो लागेको हो ।गहवामाई भगवती मन्दिरका मूल पुरोहित राधेश्यामप्रसाद उपाध्यायले गहवामाई भगवतीको दर्शन गर्नाले परिवारमा सुख, समृद्धि प्राप्त हुनुका साथै सफलता प्राप्त हुने धार्मिक विश्वासका साथ बिहानैदेखि दर्शन गर्न आउने भक्तजन घुइँचो लागेको बताउनुभयो।

गहवामाई भगवतीको मन्दिरमा आज बिहानैदेखि श्रद्धालु भक्तजनको घुइँचो लागेकामा घटस्थापनाको मुख्य पूजा भने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जारी गरेको शुभसाइत अनुसार गरिएको पुरोहित उपाध्यायले जानकारी दिनुभयो ।मन्दिर व्यवस्थापनको काम गर्दै आएको माईस्थान सञ्चालक समितिका पूर्वअध्यक्ष दिनानाथ गुप्ताले वीरगञ्जको गहवामाई मन्दिरमा नवरात्रको अवसरमा लाखौँ भक्तजनले दर्शन गर्ने बताउनुभयो।

"यहाँ वीरगञ्ज क्षेत्रका साथै छिमेकी मसलुक भारतको विहारबाट पनि भक्तजन आउने गर्नुहुन्छ भाकल गरेकाले पूजापाठ गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ", उहाँले भन्नुभयो । यहाँ अष्टमीको दिन बलि चढाउने परम्परा रहेको बताउँदै गुप्ताले यस वर्षको दुर्गापक्षमा करिब छ हजार दशनार्थीले बलि चढाउने अनुमान गरिएको जानकारी दिनुभयो । "मन्दिर परिसरमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र स्थानीय स्वयंसेवक परिचालन गरेर सहज ढङ्गले दर्शन गर्ने व्यवस्था मिलाएका छौँ", उहाँले भन्नुभयो।

साथै नवरात्रभरि वीरगञ्जका चोक तथा गल्लीमा पनि दुर्गा भगवतीको मूर्ति तथा स्वरुप राखेर पूजापाठ गर्ने गरिन्छ। घण्टाघर चोक, रानीघाट, छपकैया, नगवालगायत खुल्ला स्थानमा नवदुर्गाका मूर्ति तथा प्रतिमा राखेर पूर्जाअर्चना गर्ने गरिएको घण्टाघर नवदुर्गा पूजा सेवा समितिका पुरोहित दिनबन्धु शुक्लाले बताउनुभयो ।रासस

# कोशी ब्यारेजको मर्मत गरिँदै

इनरुवा । यही असोज ११ र १२ गते सप्तकोशीमा आएको बाढीबाट क्षति पुगेको कोशी ब्यारेजको मर्मत सम्भार गर्न थालिएको छ। बाढीबाट ब्यारेजको विभिन्न ठाउँ भत्किएको थियो।

मुलुकको पूर्वी पहाडी जिल्लाहरुमा अत्यधिक वर्षाभएपछि कोशी ब्यारेजमा पानीको बहाव प्रतिसेकण्ड ६ लाख ९१ हजार क्युसेकसम्म मापन गरिएको थियो। सप्तकोशीको पानी कोशी ब्यारेज माथिबाट बग्न थालेको थियो। बाढीका कारण ब्यारेजको विभिन्न भागमा क्षति गरेपछि मर्मत थालिएको सुनसरीका प्रमुख जिल्ला अधिकारी रामचन्द्र तिवारीले जानकारी दिनुभयो।

सप्तकोशी नदीमा पानीको बहाव क्रमिकरुपमा घट्दै गएको छ। पानीको बहाव घटेपछि भत्किएका संरचनाको मर्मत सम्भार सुरु गरिएको प्रजिअ तिवारीले बताउनुभयो। कोशी ब्यारेजको मर्मत सम्भारको काम भारतीय पक्षले गर्न थालेको उहाँले बताउनुभयो। अहिले कोशी ब्यारेजमा पानीको बहाव घटेर प्रतिसेकेण्ड एक लाख ३८ हजार क्युसेक पुगेको कोशी ब्यारेज कन्ट्रोल रुमले जनाएको छ।

वर्षाको सम्भावना अझै कायमै रहेकाले सतर्क रहन जिल्ला प्रशासन कार्यालय सुनसरीले सूचना जारी गरेको छ ।रासस

# मिथिलामा 'दशहरा' पर्व सुरु

महोत्तरी। प्राचीन मिथिलाक्षेत्रमा 'दशहरा' पर्व सुरु भएको छ। मिथिलामा शारदीय नवरात्र र दशहरा भनिने बडादसैँ पर्वको पहिलो दिन विहिबार महोत्तरीसहितका यस क्षेत्रमा कलश यात्राका साथ घटस्थापना गरिएको छ। दसैँ पर्वलाई मिथिलामा 'दशहरा' भनिन्छ।




मिथिला परम्परामा दुईवटा नवरात्र छन् । असोज शुक्लपक्षको प्रतिपदादेखि नवमीसम्मको पर्वलाई शारदीय र चैत शुक्लपक्षको प्रतिपदादेखि नवमीसम्मको पर्वलाई वासन्ती नवरात्र भनिन्छ । देवीपूजन र आराधनामा दुवै नवरात्र समान महत्वका भए पनि शारदीय नवरात्र पहिलेदेखि नै धुमधामले मनाउने प्रचलन रहेको पाका मैथिल बताउँछन्।

मिथिलाका देवी शक्तिपीठहरुमा कन्याकुमारीहरुले विहिबार धार्मिक महत्वका नदी र सरोवरबाट माटाका नयाँ घडामा भरेर ल्याएको जल देवीको प्रतिमा र मन्दिर परिसरमा अभिषेक गर्दै सोही जल कलश स्थापना गरेर घटस्थापना गरिन्छ । यस प्रयोजनका लागि आज एकाबिहानैदेखि बस्तीबस्तीमा कलश यात्राका कार्यक्रम भइरहेका छन्।

महोत्तरीका प्रसिद्ध देवी शक्तिपीठ बर्दिबास नगरपालिका-४ स्थित पञ्चधुरा माईस्थान मन्दिर, औरही नगरपालिकाको सोनामाईस्थित सोनामाई माई मन्दिर, जलेश्वर नगरपालिका-१ स्थित राजदेवीस्थानमा घटस्थापनाका लागि कलश यात्रा भएको छ।

रातु, मरहा, दुधमती नदी र पुरन्दर, वरुण, भार्गव, लक्ष्मीसागर र ध्रुवकुण्डसहितका सरोवरबाट नयाँ घडामा जल भर्न बिहानैदेखि झाँकी र बाजागाजासहितको कलशयात्रा भएका छन् । कलशयात्रामा नगरगाउँ बस्तीका आम सर्वसाधारणको सहभागिता छ।

कलशयात्रामा कन्याकुमारीहरुले भरेका घडाको जलबाट घटस्थापनाको कलश स्थापना गरिन्छ । घटस्थापना गरि एसँगै शक्तिपीठ र देवीका प्रतिमा बनाएर दुर्गापूजा गरिनेस्थलमा जौ, तिल, गहुँ, धान, मकैसहितको जमरा राखिन्छ ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# व्यवसाय उन्मुख

हिन्दूहरुको महान चाड बडा दशैंमा ठूला साना देवी मन्दिर हरु(शक्तिपीठ) सजाउने, मूर्ति स्थापना गर्ने, सडक र चोकहरु सजाउने, विभिन्न प्रतिस्पर्धात्मक सांस्कृतिक कार्यक्रमहरुको आयोजना गर्न युवा क्लव र कमिटीहरुको विशेष योगदान रहेको छ। युवाहरुको सक्रियताको कारण टोल टोलमा रहेका देवी मन्दिरहरु बडा दशैंमा सजिने गरिन्छ। बडा दशैंको अवसरमा अब काठमाण्डुमा समेत दुर्गा भवानीको मूर्ति बनाएर पूजा गर्न थालिएको छ। पहिले काठमाण्डुमा माटोको मूर्ति बनाएर पूजा गरिने चलन थियो। दुर्गा मन्दिरमा घटस्थापनादेखि दशमीसम्म दश दिन भव्य पूजाअर्चना गरिन्छ। जनकपुरधाममा अष्टमीको बली प्रदान भएसम्म धेरै मानिसहरु शाकाहार बस्ने गरेका छन्। जनकपुरधाममा राजदेवी मन्दिरमा महाष्टमीको राति बली प्रदान गरिने चलन छ। त्यहाँ एकै रातमा १८ हजार बढी बली प्रदान गरिन्छ। एकै रातमा यतिको संख्यामा बली प्रदान हुने संम्भवतः राजदेवी मन्दिर एकमात्र होलान्। बारा जिल्लाको गढीमाई मन्दिरमा सर्वाधिक बली प्रदान हुने कीर्तिमान छ। तर त्यहाँ बोका, परेवा, भैंडा, राँगालगायतको बली दिने गरिन्छ। त्यो पनि दुई दिन दिइन्छ। राजदेवी मन्दिरमा बडा दशैंको महाष्टमीको राति मात्र वर्षमा एक पटक बली प्रदान गरिन्छ। राजदेवी मन्दिरलाई भव्य रुपमा सजाइने गरिन्छ। तर राम मन्दिर नै हराएको हुन्छ। राम मन्दिरको मुख्य ढोका पूर्व तर्फ रहेको छ। मन्दिरको मुख्य ढोकाको दुवै तर्फ रहेको पार्कलाई ध्वस्त गरी त्यहाँ भाडामा चलाइने विभिन्न खेलहरु राखिएका छन्। त्यसबाट महावीर युवा कमिटीले भाडा असुल्ने गर्छ। महावीर युवा कमिटीले मन्दिर सिंगार्ने, पूजा व्यवस्थापनको कार्यलाई व्यवस्थित रुपमा सम्पन्न गर्ने कार्य गर्दै आएको छ। यस वर्ष पनि राजदेवी मन्दिरलाई आकर्षक ढंगले सजाइएको छ। तर महावीर युवा कमिटीले व्यवसाय गरे जस्तो काम गर्न थालेको छ। मन्दिरमा चढाइने बोका बलीको शुल्क प्रति बोका सय रुपैयाँ बढाएको छ। राम मन्दिरको सबैतिर भाडा असुल गर्ने खेल र पसल थाप्न लगाइएको छ। यो काम महावीर युवा कमिटीले गर्ने होइन। गत वर्ष २ सय रुपैयाँ शुल्क रहेको बली प्रदानका लागि यस वर्ष ३ सय रुपैयाँ गरिएको छ। यो अधिकार र दायित्व दुवै विपरीतको कार्य हो। मन्दिरको सजावटका लागि विभिन्न निकायहरुले चन्दा सहयोग गर्छन्। त्यहाँ विज्ञापन गरी रकम असुली गरिन्छ। तैपनि बोका बलीको शुल्क वृद्धि गर्नु अनुचित हो। राजदेवी मन्दिर व्यवसाय र महावीर युवा कमिटी व्यापारी होइन।

# आज तपस्विनी ब्रम्हचारिणीको पुजा



*दधाना करपद्माभ्यामक्षमालाकमण्डलू।*
*देवी प्रसीदतु मयि ब्रह्मचारिण्यनुत्तमा॥*

वडा दशैंमा प्रथम पुजा माता शैलपुत्रीको गरेसँगै घटस्थापना हुन्छ।घटस्थापना भईसकेपछि

दुर्गा पुजा विधिवत प्रारम्भ हुन्छ।दुर्गाको नौ दिने पुजालाई नवरात्री भनिन्छ।नवरात्रीमा दोस्रो दिनको पुजा माता ब्रम्हचारिणीको हुन्छ।

भगवान शंकरलाई पतिको रुपमा प्राप्त गर्न उनी कठिन तप गरिन्।उनको घोर तपको कारण देवीको नयम तपश्चारिणी अर्थात ब्रम्हचारिणी नामले प्रख्यात भईन्।

मांदुर्गाको नवशक्तिको दोस्रो स्वरूप ब्रह्मचारिणीको हो। यहां ब्रह्म को अर्थ तपस्यासित छ। मां दुर्गाको यो स्वरूप भक्त र सिद्धलाई अनन्त फल दिने मानिन्छ। ब्रम्हचारिणीको उपासनाले तप, त्याग, वैराग्य, सदाचार र संयमको वृद्धि हुन्छ। ब्रह्मचारिणीको अर्थ तप को चारिणी यानी तपको आचरण गर्ने मानिन्छ। देवीको यो रूप पूर्ण ज्योतिर्मय र अत्यंत भव्य रहेकोछ। ब्रम्हचारिणी देवीको दाहिने हातमा जप गर्ने माला र बायां हाथमा कमण्डल धारण गरेकि छन्।

पूर्वजन्ममा यो देवीले हिमालयको घरमा पुत्रीको रूपमा जन्म लिएकी थिईन्।उनी नारद मुनीको उपदेश अनुसार भगवान शंकरलाई पतिको रूपमा प्राप्त गर्नको लागि घोर तपस्या गरेकि थिईन्।अत्यन्त कठिन तपस्याको कारण उनलाई तपश्चारिणी अर्थात ब्रह्मचारिणी नयमसे अभिहित गरिएको छ। एक हजार वर्ष सम्म उहाँले केवल फल-फूल खाएर बिताईन्।उनी सय वर्ष सम्म केवल जमीनमा रहेर शाक पर निर्वाह गरिन्।

केहि समय कठिन उपवास राख्नु भो। खुल्ला आकाशमुनी वर्षा र घामको घोर कष्ट वर्दास्त गरिन्। तीन हजार वर्ष सम्म झरेको बिल्व पत्र (बेलपत्र) खानुभो।निरन्तर भगवान शंकरको अराधना गरी रहिन।त्यसपछि उनी सुकेको बिल्व पत्र (बेलपत्र) खाना छोड दिनुभयो।कयौं हजार वर्ष सम्म निर्जल र निराहार रही तपस्या गरी रहिन।बेलपत्र खान छोडेको कारण उहाँको नाम अपर्णा हुन गयो।भगवान शिवलाई वरको रुपमा प्राप्ति गर्ने माताको तप झन कठोर हुँदै गयो।

कठिन तपस्याको कारण देवीको शरीर एकदम गलीसकेको थियो। देवता, ऋषि, सिद्धगण, मुनि सबैले ब्रह्मचारिणीको तपस्या अभूतपूर्व पुण्य कृत्य रहेको भन्दै उहाँहरुले प्रशंसा गर्न थाले।साधुसन्त,ऋषी मुनीहरुले उहाँ जस्तो कठिन तप आज सम्म कसैले नगरेको चर्चागर्दै यस किसिमको तप गर्ने देवी ब्रम्हचारिणी अद्भूत रहेको बताए।ब्रम्चारिणीले मात्र यस्तो तप गर्न सकेको साधुहरुले बताए।

कठोर तपबाट प्रभावित भएर साधु, सन्त, ऋषीमुनी सबै देवदेउताहरुले मनोकामना परिपूर्ण हुने आर्शिवचनदिदै भने भगवान चंद्रमौलि शिवजी तिमीलाईं पतिको रूपमा प्राप्त हुनेछ। तिम्रो तप पूर्ण भएकाले अब तपस्या छाडी घर फर्कि हाल्न देवदेवताहरुले सुझाव दिए।सिघ्र नै तिम्रो पिता तिमीलाई बुलाउन आउँदैछन् भन्द्र देउताहरु अन्तरध्यान भए। मां ब्रह्मचारिणी देवीको कृपाले सर्वसिद्धी प्राप्त हुन्छ। दुर्गा पुजाको दोस्रो दिन देवीको यसै स्वरूपको उपासना गरिन्छ। ब्रम्हचारिणी देवीको कथाको सार जीवनको कठिन संघर्षमा पनि मन विचलित हुनु हुँदैन्।

माता ब्रम्हचारिणीको विधिपूर्वक पुजाले विपरित परिस्थितिमा पनि साहस र धैर्यतापूर्वक अगाडी बढने शक्ति प्राप्त हुन्छ।देवी भगवतीको पुजा दोस्रो दिन माता ब्रम्हचारिणीको रुपमा भएपनि उहाँको कयौं नामहरु छन्।घटस्थापनाको दिनदेखि हरेक दिन दुर्गाको विभिन्न स्वरुपहरुको पुजा गरिन्छ।हिन्दुहरुले शक्तिस्वरुपा दुर्गाको पुजा अत्यन्त निष्ठा र भक्तीपूर्वक गर्छन्।

# राजा, मिश्र र प्रचण्ड !

**शैलेन्द्र घिमिरे**

त्यसो त सामन्तवाद सर्पजस्तै हुन्छ। शिर शरीरबाट अलग गरेको केही समयसम्म पनि सर्पले पुच्छर हल्लाउने क्षमता राख्छ। हाम्रोमा श्रीमान्का शिरबाट श्रीपेच खोसिएको धेरै भएको छैन। यसकारण कहिलेकाहीँ यिनका सपनामा श्रीपेच आउनु र 'हुन्छ हुन्छ' भन्दै जनता झुक्याउनु यिनको नियति हो।

माओवादीविरुद्ध सबैभन्दा उत्तेजक शब्द खोजेर प्रसारण गर्न सकेकै कारण बीबीसी पुगेका पत्रकार मनुज चौधरी उर्फ रवीन्द्र मिश्रले गणतन्त्र मन्दिरको माथिल्लो तलामा पुगेर गणतन्त्रका नायकसँग चिया भेट गर्न पाउनु जीवनकै ठुलो उपलब्धि हो, तर मन्दिरको भुइँ छाडेर बाहिर निस्किएपछि जेजस्ता भ्रम सिर्जना गर्ने कोसिस भए, ती खेदका लागि योग्य छन्।

माओवादी जान्दछ, कम्युनिस्टका विरुद्ध घेराबन्दी गर्नु सामन्तवाद, पुँजीवाद र साम्राज्यवादको कहिल्यै नटुंगिने सिलसिला हो। यो सामरिक, आर्थिक, सामाजिक र प्रचार वा सञ्चार सबै क्षेत्र र बिन्दुमा छ। आजको माओवादी राजावादी धङधडी, संशोधनवादको षड्यन्त्र र कठपुत्लावादको घेरा पन्छाएर खडा भएको शक्ति हो। दलहरूको रैथाने दलदलबाट निस्किएर समृद्धि र सुशासनका लागि निर्माण भएको अगुवा हो माओवादी, जो यस्ता प्रायोजित प्रचार आतंकबाट भयभीत हुँदैन।

मनुजजीलाई थाहा होला, युद्ध नै सबैभन्दा बढी छलफल र बहसको मैदान हो। जहाँ जितेजितेजस्तो वा हारेहारेजस्तो हुँदैन; कि जितिन्छ कि हारिन्छ, कि मरिन्छ कि मारिन्छ। यस्तोमा बहसका लागि लाखौँ विषय हुन्छन्। विजयका लागि हजारौँ तरिका चाहिन्छन्।

सामन्तवादले सिकेको फुटाउ र लुट हो। माओवादीले सिकेको अन्तर्विरोधको सही परिचालनमार्फत आफ्नो मोर्चाको सबलीकरण हो। मुख्य दुश्मनका विरुद्ध सहायक दुश्मनसँगको अस्थायी मिलाप यो युद्धमा हुने छोटो संयोग हो। त्यस्तोमा राज्यसँग लडिरहेको माओवादी राज्यका विविध शक्तिसँग अन्तर्विरोध बनाउन नलाग्ने कुरै थिएन।

पत्रकार मुनजजीलाई थाहा भएन कि एकपटक माओवादीले खेताला होइन, तिनका मालिकसँग वार्ता होस् भन्ने चाहन्थ्यो। त्यही विज्ञप्तिले युद्धमा नयाँ मोड दिएको थियो र राजा आफैँ अभिनन्दनको अभियानमा निस्किएका थिए, तर माओवादी गणतन्त्रका लागि अडिग थियो।

राजा वीरेन्द्रले माओवादीमाथि सेना परिचालन गर्न अस्वीकार गरे। उनी सेना आन्तरिक युद्धमा परिचालित हुन हुँदैन भन्ने विचार राख्थे। यसै कारण देशी-विदेशी शक्ति मिलेर उनको हत्या गरे। राजा वीरेन्द्रका बारेमा यदाकदा एउटा बहस हुन्थ्यो। के वीरेन्द्र कम्बोडियाका राजा नरोदम सिंहानुक बन्न सक्छन् ? के सामन्तवादको मियो आफैँ गणतन्त्र घोषणा गरेर जमिनमा उभिन सक्छ ? के राजा विद्रोही सेनाको सहयोगी बन्न सम्भव छ ? तर यी माओवादी आन्दोलनको मूल बहसका विषय थिएनन्। मूल विषय त समूल रूपमा सामन्तवाद अन्त्यका उपायको अवलम्बन थियो।

लामो समयदेखि मुलुकको दोहन गरेको राजतन्त्र र त्यसबाट संरक्षित सामन्तवादको पूर्ण विस्थापन थियो। माओवादीभित्र अर्को बहस पनि थियो, मनुज चौधरीलाई थाहा नभएको। के नेपाली सेना हार्दै गएपछि भारतीय सेना नेपाल प्रवेश गर्छ ? त्यसो भयो भने के हुन्छ ? उत्तर सरल थियो– नेपाली सेनासँग जनमुक्ति सेनाले सहकार्य गरेर पहिला देश जोगाउँछ। यी र यस्ता विषय युद्धमा आउँथे र जान्थे, तर माओवादी मुलुक र राष्ट्रियताप्रति उति नै संवेदनशील थियो, जति प्यालेस्टाइनका नेता यासेर अराफात थिए। एकपटक यासेर अराफातले भनेका थिए– म एक हातमा जैतुनको पात र अर्को हातमा पेस्तोल बोकेर उभिएको छु। जैतुन शान्ति र मेलमिलापको प्रतीक हो भने पेस्तोल युद्धको। शान्तिका सर्तहरू हुन्छन् भने युद्धका उद्देश्यहरू हुन्छन्।

शब्द खेलाएका र केलाएका भनिएका मनुज चौधरीले गफमा प्रचण्डका जुँगा कसरी हल्लिए भन्ने सायद याद गरेनन्। कसैको चित्त दुखाउन मन नपराउने प्रचण्डबाट मनुजले आफूअनुकुल शब्द फुस्काउने मिहिनेत गरे। एक-दुईवटा उद्योग खोलेको बखान दिएर उद्योग बेचेको दुखेसो सुनाए। उद्योग खोल्नु राम्रो कुरा हो, तर मुलुक लुट्नु अक्षम्य अपराध हो। त्यो अपराध राजतन्त्रले गरिरहेकै थियो। आज जनताको जे मन छ, त्यसलाई राजाप्रतिको सम्मान बुझ्नु केटौले कुरा हो। सवाल, भनिएको गतिमा मुलुक किन अगाडि बढेन भन्ने हो; सरकार फेरिइरहने सिलसिलाबाट कहिले छुटकारा पाइन्छ भन्ने हो; रोजगार र अमनचयन किन मिलेन भन्ने हो। जनता यसबाट मुक्त हुन चाहन्छन् र त्यसका लागि आफ्नो अग्रसरतालाई निश्चित गर्छन्। त्यो अग्रसरता भनेको अर्को धक्का, महाविपत्ति, क्रमभङ्ग र छलाङ नै हो।

माओवादी जे चाहन्छ, जमिन त्यस्तै-त्यस्तै बन्दै गएकोप्रति माओवादी शिखर जानिफकार छ। यो उकुसमुकुस सन्नाटा र स्थिरताले त्यो तुफानको संकेत गर्छ भन्ने कुरामा विवाद छैन, तर त्यो तुफानले राजा बोक्दैन। स्वर्गबाट डोली चढेर राजतन्त्र फर्किंदैन। बरु सामन्तवादका केही कुडा कर्कटहरू अझै थन्क्याउन बाँकी छ। मनुजजीलाई ज्ञान होस्, यो तुफानले इतिहासको त्यो अधुरो कर्म पूरा गर्नेछ।

संविधान संशोधनमा उफ्रिएकाहरू राजासँग हात मिलाउने पुल भत्काएर आएका छन्। भाँचिएको पुलको ठेट्नो-मेट्नो खोज्न कसैलाई मन लागे त्यहाँ जनजनको रगतले बनेको धराप पनि छ, जो जुगजुग रहनेछ। देश कसले बोक्छ भनेर भट्टीमा टेबल ठोकेर हुँदैन। देश बनाउन त वीरता, अग्रसरता र योजना चाहिन्छ। देश जमिनमा छ, सम्भावनाका लाखौँ कोपिलालाई सिँगार्न सक्ने संविधानले भनेको जन हकलाई सुरक्षित र सुनिश्चित गरिनुमा छ।

अहिले संविधान संशोधनको मौसमी ज्वरोले कांग्रेस-एमाले हनहनी भएका छन्। तर माओवादीविना संविधान संशोधन सपनामा खोले खाए बराबर हो। कम्तीमा आजको संसद्को गणित र कायम शक्ति सन्तुलनले त्यो मान्दैन। बालुवाटारको खेलले कसैलाई सातुको घैँटोमा उद्देश्यपूर्तिको अधुरो सपना देखेको छ भने त्यो टुट्छ र घैँटो फुट्छ। इतिहास यसरी नै बन्ने हो। रगतको आहाल टेकेर बनाइएको दस्ताबेज कानमा सन्देश प्रवाह गर्ने दुष्ट किराको उत्तेजक ठट्टाले हल्लिँदैन।

समय अझै बाँकी छ भन्ने माओवादीलाई थाहा छ। धान नपाक्दै काट्नु उग्रता हो भने झर्न थालेपछि पनि नसमाल्नु संशोधनवाद वा वितृष्णावाद हो। माओवादी गौँडा कुर्ने कुरामा हतार गर्दैन र परिस्थितिलाई पहलकदमी फुस्किने गरी छिप्पिन पनि दिँदैन। ठोस परिस्थितिको ठोस विश्लेषण र पहलकदमी गर्दै माओवादीले गणतन्त्रको इतिहास रचेको छ। ठान्छौँ कांग्रेस-एमाले डाँडामाथिका घाम बन्न ठिक्क परेका दुई नामका एकै स्वार्थहरू हुन्। विगत् लामो समयदेखि चलिरहेको यो गोलचक्कर अब सकिन्छ र सकिनुपर्छ। नयाँले पुरानोलाई विस्थापित गर्ने हो। यो विस्थापन माओवादीले गर्नेछ। क्रान्तिको विज्ञानले त्यही भन्छ, क्रान्तिपछिको नेतृत्व क्रान्ति गरेकै शक्तिले गर्छ। यसमा आदि-इत्यादि हुँदैन। त्यो गोलचक्करको विस्थापन फेरि राजा आएर हुँदैन।

प्रविधि र सञ्चारको यो सघनता छाडेर मानिस ढुङ्गे युगमा फर्कन्छ भन्नु र राजा आउँछन् भन्नु एकै हो। लामो साम्राज्यवाद नियोजित पत्रकारिताले मनुजलाई यति अबुझ बनायो होला भन्ने लाग्दैन। समाजवाद मर्‍यो भनेर १९९१ मा अमेरिकाले घोषणा गरे पनि फेरि तिनीहरू भिन्न परिस्थितिमा अंकुरित हुँदै छन्। चाहेर वा नचाहेर संसार फेरि अर्को ध्रुवसहित जन्मने निश्चित छ। अब बन्ने ध्रुव भनेको समाजवादी ध्रुव हो। यसको नेतृत्व वामपन्थीहरूले गर्ने हो। माओवादी त्यो ध्रुवमा लामबद्ध हुन तयार छ। इतिहासको विशिष्टतामा प्रचण्ड नै त्यस्ता विश्व नायक हुन्, जसले संसारलाई नयाँ समाजवादी विश्व दिन सक्छ। प्रचण्ड त्यसै प्रचण्ड भएका होइनन्। अराजकतावादी र पश्चगामीले प्रचण्डलाई अँध्यारोमा छामेको हात्तीभन्दा अरु बुझ्न सक्दैनन्।

# विपद् र हाम्रो बिग्रिएको बानी



**श्रीरामसिंह बस्नेत**

हरेक वर्षा ऋतुमा मनसुन आउँछ, भारी वर्षात् हुन्छ, बाढीपहिरो डुवानले सताउँछ, अनाहकमा जनधनको क्षति हुन्छ, दुई/चार दिन मिडियामा कोकोहोलो मच्चाइन्छ, अनि विस्तारै हामी त्यस विपद्लाई बिर्सन्छौं र अर्को विपद् को मौन प्रतीक्षा गर्न थाल्छौं। तर एक पटकको विपद्बाट पाठ सिकेर अर्को विपद्मा क्षति न्यूनीकरण गर्ने सद्बुद्धि हामीलाई अहिलेसम्म आएको छैन, तथ्यले यही बताउँछ। यदि २०५० सालको भिषण बाढी, पहिरोबाट पाठ सिकेर त्यस्तो विपद्सँग सामना गर्ने क्षमता वृद्धि गरिँदो हो त यो दसैंको मुखमा यति ठूलो वियोग देशले खप्न पर्ने थिएन। गत साताको परिदृष्यले मनसुनी विपद् व्यवस्थापनमा हामी २०५० सालमा जहाँ थियौं अहिले पनि त्यहीं नै रहेछौं भन्ने स्पष्ट हुन्छ। अझ अगाडिको मनसुनी विपद्लाई सम्झने हो भने २०११ सालको दसैंताकाको वितण्डालाई सम्झनुपर्ने हुन्छ। त्यतिबेला काठमाडौं उपत्यकाभित्र मात्र करिब ३०० जनाले ज्यान गुमाएका थिए भने देशभरमा गरी करिब एक हजार जनाले। के त्यो क्षतिको संस्थागत सम्झना राज्यसँग छ ? ३० वर्षअघिको बाढीपहिरोको त सम्झना राज्यसँग छैन भने ७० वर्ष अघिको के होस्।

विपद् व्यवस्थापनको सन्दर्भमा हामी हरेक पटक मुख्यतः दुई वटा कुरामा चुक्ने गरेका छौं- एउटा विपद् आउनुभन्दा अघिको पूर्वतयारीमा र अर्को विपद् को बेलामा हुनुपर्ने चुस्त र प्रभावकारी अन्तरनिकाय समन्वयमा। अहिलेसम्म विपद्का कारण हामीले जति जनधन गुमाएका छौं मुख्यत यही दुई कमजोरीका कारण गुमाएका छौं। मनसुनी विपद् मात्र होइन, भूकम्पमा पनि त्यही देखिएको छ। २०४५ को भूकम्पबाट पाठ सिकेको भए २०७२ को गोरखा भूकम्पमा त्यति धेरै क्षति ब्यहोर्नुपर्ने थिएन, अनि गोरखा भूकम्पबाट राम्रैसित पाठ सिकी त्यसअनुसार काम गरेको भए जाजरकोट भूकम्पमा अवश्य पनि जनधनको क्षति धेरै घटाउन सकिने थियो। तर वितेको घटनाबाट पाठ सिकेर सुध्रिने सायद हाम्रो संस्कार नै छैन। नत्र हरेक वर्ष पीडा, वियोग र क्षतिको चक्र घुमिरहेको टुलुटुलु हेरिरहनु पर्ने थिएन।

गर्नै पर्ने काम

विपद् व्यवस्थापन एक जटिल र चुनौती पूर्ण काम त हुँदै हो तर यसले नवसिर्जनालाई अवसर पनि दिन्छ भन्ने यथार्थ बिर्सनु हुँदैन। विपद् त आउँछ नै, त्यसलाई रोक्न, छेक्न सकिँदैन तर त्यसबाट हुने जनधनको क्षतिलाई भने रोक्न वा न्यूनीकरण गर्न सकिन्छ, विपद्को चुरो कुरो बुझेका देशहरुले त्यसै गर्ने गरेका छन्। विपद्का सन्दर्भमा गर्नै पर्ने मुख्य काम वा लक्ष्य मानवीय क्षति हुन नदिनु हो। मानिसको जीवन यति अमूल्य हुन्छ, जसको क्षतिपूर्ति असम्भव हुन्छ। तसर्थ जुनसुकै विपद्मा पनि मानिसलाई जोगाउने पहिलो रणनीति हुनुपर्छ। यसमा वजेट छैन, साधन छैन, जनशक्ति छैन, आदेश छैन भन्ने जस्ता कुरा अक्षमताका प्रमाण मात्र हुन्।

यदि हामीकहाँ राज्य संयन्त्रले मानिस जोगाउने रणनीतिलाई उच्च प्राथमिकतामा राखेको भए नक्खुमा चार घण्टासम्म मानिसहरुले ज्यान बचाई माग्न गुहार गर्दा पनि निरिह भएर बस्नुपर्ने थिएन। एक साधारण व्यक्तिले आँट गरेर दुई जनाको ज्यान बचाउन सकेका थिए। जब कुनै विपद् आइलाग्छ त्यसपछि हामी कहाँ अनेकौं तहका बैठक बस्छन्। ती वैठकले निर्देशन दिने निर्णय गर्दछन्, जसको कुनै तुक छैन। त्यस्ता बैठक विपद् पूर्वतयारीको चरणमा बस्नु पर्छ, विपद्ले घेरी सकेपछि हैन। हाम्रो समाजमा एउटा आहान प्रचलित छ 'माझीहरुले सल्लाह गर्दागर्दै सात गाउँ डुब्यो' भन्ने। व्यवहारमा हाम्रो चलन ठ्याक्कै त्यस्तै हुने गरेको छ। तसर्थ बाढी, पहिरो, डुवान, शीतलहर, आगलागीजस्ता मौमसजन्य विपद् सुरु हुनुभन्दा पहिले नै सम्बन्धित निकाय, संघसंस्था आदिको बैठक बसी रणनीति तय गरेर कार्यन्वयन गर्नु पर्दछ। विपद् व्यवस्थापनका लागि सम्बन्धित प्राविधिक विज्ञहरुको सल्लाह र सहयोग लिनुपर्छ, प्रशासनिक कर्मचारीहरुका भरमा मात्र विपद् व्यवस्थापन गर्न खोजियो भने अहिले जे भएको हो त्यस्तै भइरहने छ।

स्थानीय निकाय हाम्रो देशको सबैभन्दा महत्वपूर्ण र जनतासँग सोझै सम्बन्ध भएको निकाय हो। विप्द व्यवस्थापनको सन्दर्भमा स्थानीय निकायहरुलाई साधनसम्पन्न बनाउन अति जरुरी छ। यसका लागि प्रत्येक नगरपालिका र गाउँपालिकाले आफ्नो हरेक वडामा विपद् व्यवस्थापन कार्यदल गठन गरी निश्चित संख्यामा सक्षम जनशक्तिलाई विपद् व्यवस्थापनको तालिम दिएर विपद् स्वयमसेवकहरु तयार गर्नुपर्दछ। विपद् पूर्वतयारी, विपद् भइरहँदा र विपद्पश्चात त्यो जनशक्तिलाई स्रोत साधनसहित पूर्ण क्षमतामा परिचालन गर्न सकियो भने समुदाय धेरै हदमा सुरक्षित हुन्छ। विपद्मा सेना र प्रहरीको मात्र मुख ताक्दा धेरै क्षति भइसक्छ।

विपद्मा अहिलेसम्म हामीले मार खाएको समन्वयको अभावले हो। एउटा निकाय र अर्को निकायबीच जुन सौहार्द्र सम्बन्ध र समन्वय हुनुपर्ने हो त्यो हामी कहाँ पटक्कै छैन। यसपालि पनि मौसम पूर्वानुमान महाशाखाले बेलैमा गरेको भविष्यवाणीलाई अरु निकायले गम्भीरतापूर्वक लिएर आवश्यक निर्णय गरेको भए राजमार्गमा भएको त्यो वियोग र विजोग टार्न सकिने थियो। नेपालमा निकाय र पदाधिकारीहरु भने धेरै छन् तर तिनको प्रभावकारिताको टिठलाग्दो हालत भने बितेका घटनाक्रमहरुले पटकपटक देखाएका छन्। जहाँसम्म यसपटक काठमाडौं उपत्यकामा बाढीको वितण्डाको सवाल छ, त्यसमा नदी, खोलानालाको हैन मानिसकै दोष छ। उपत्यकाभित्र बागमती, विष्णुमती, धोबीखोलालगायतका जति पनि खोलानाला छन् तिनको मूल स्रोत सुन्दरजीजल माथि छन्। त्यस क्षेत्रमा मनसुनको अवधिभर गम्भीर निगरानी गरेर पूर्वसूचना प्रणाली लागू गरेर मुहान क्षेत्रमा पानीको परिमाण सामान्यभन्दा बढी हुने वित्तिकै सार्वजनिक सूचना जारी गर्ने गरेमा बाढी शहरी इलाकामा प्रवेश गर्नुभन्दा अगावै मानिसहरुलाई सजिलै सुरक्षित स्थानमा सार्न सकिन्छ। अहिले हातहातमा मोबाइल, एफएम, अनलाइन, सामाजिक सञ्जाल आदि आमसञ्चार माध्यमहरु सक्रिय भएकाले तत्काल आमसञ्चार र साइरनलगायतका माध्यमबाट सूचना प्रशारण गरी मानिसहरुलाई सुरक्षित स्थानमा पठाउन कुनै समस्या छैन। तर त्यस्तो सुरक्षित स्थान भनेको कहाँ हो ? त्यहाँ छिटो कसरी पुग्न सकिन्छ भन्नेबारे चाहीँ पूर्व तयारीकै बेलामा निक्यौंल हुनुपर्छ।

विपद्सँग सामना गर्ने सेना, प्रहरी मात्र हैन नगर प्रहरी, राष्ट्रिय सेवा दल, स्काउट, कलेजका विद्यार्थी सङ्गठन, राजनीतिक पार्टीका युवा दस्ता, स्थानीय सामाजिक तथा गैरसरकारी संस्थाका स्वयमसेवक आदिलाई तालिम र अत्यावश्यक साधनहरु दिएर सक्षम बनाउनुपर्छ। यस्तो काममा बजेट छैन भनेर पन्छिनु हुँदैन। किनकी अहिले एक लाख खर्च गर्न बजेट छैन भनेर पन्छिएको कारण पछि एक करोडभन्दा बढीको क्षति व्यहोर्न पर्ने स्थिति आउन सक्छ। विपद्सँग सामना गर्ने राष्ट्रिय क्षमताको विकास गर्नु अति जरुरी छ। अहिले हामी कहाँ यस किसिमको क्षमता शून्यप्रायः छ। त्यसैले सेना र प्रहरीलाई थेग्नै नसक्ने दबाब पर्न गएको छ। सेना, प्रहरीसँग पनि विपद्सम्बन्धी पर्याप्त साधन, स्रोत छैनन्।

जसरी पनि जनधनको सुरक्षा गर्ने वृहद् राष्ट्रिय अभिष्ट पूरा गर्न राज्यले परिस्थितिअनुसार अप्रिय निर्णय लिन र त्यसलाई कार्यान्वयन समेत गर्न खुट्टा कमाउनु हुँदैन। लोकप्रिय बन्ने लालचमा वा कुनै दबाब समूह, स्वार्थ समूहको मोलाहिजामा परेर जनधन जोगाउने आफ्नो मूल दायित्वबाट विमुख भएमा पछि ठूलो मूल्य चुकाउनु पर्नेहुन्छ। जस्तै मौसम प्रतिकूल भएर भारी वर्षा हुने स्थितिमा ठीक अवस्थामा नरहेका मार्गहरुमा जोखिमपूर्ण यात्रा गर्न प्रतिवन्ध लगाउन सक्नुपर्दछ। यसमा यातायात व्यवसायीको दबाबमा आएर त्यस्तो निर्णय लिन नसकेमा जनधनको ठूलो क्षति व्यहोर्नपर्ने हुन्छ। अहिले पनि दशैं अगाडि देशका धेरै भूभागमा सुरक्षित आवजजावत गर्न सकिने सडकको अवस्था छैन। अझै मनसुन पनि बाँकी नै छ। यस्तोमा राज्यले 'यसपालिको दशैं जो जहाँ छौं त्यहीं बसेर मनाऔं, मौसम र बाटोको अवस्था सुधार भएपछि तिहार भने घर गएर मनाउँला' भनेर सार्वजनिक सूचना जारी गर्न र त्यसलाई कडाइका साथ लागू गर्न सक्नुपर्छ। त्यति गर्न नसके पनि कम्तीमा पनि जोखिमपूर्ण अवस्थामा रहेका मार्गहरुमा रात्रि आवागमन पूर्णतया निषेध गर्न सकिन्छ। दशै हरेक वर्ष आउँछ तर मानिसको जिन्दगी फर्केर आउँदैन। गर्नै नहुने काम

अक्सर कुनै विपद परेको घटनास्थलमा सर्वसाधारणले 'खै सरकार नै आएन, राज्यको उपस्थिति नै छैन' भनेर गुनासो गरेको देखिन्छ। वास्तवमा यो ठीक होइन। घटनास्थलमा तत्कालै प्रधानमन्त्री वा कुनै मन्त्री गएर समस्याको समाधान हुँदैन, बरु भिआइपीको स्वागत, सत्कार, तामझाम, तस्विर खिच्ने आदि कामले उद्धार कार्यमा नराम्रो असर पर्दछ। कुनै भिआइपी नपुग्दैमा सरकार नपुगेको भन्ने हुँदैन। नीति, नियम र पद्धतिले काम गरेको हुनुपर्छ, पदाधिकारीको भौतिक उपस्थितिले होइन। त्यसैले त्यस्तो बेलामा नागरिकले मन्त्री खोज्ने होइन, प्रभावकारी काम खोज्ने हो। प्रधानमन्त्री वा सम्बन्धित मन्त्रीहरुले आफ्नो संयन्त्रबाट निगरानी गर्नुपर्दछ।हामी कहाँ 'उद्धार' शब्द गलत अर्थमा प्रयोग भइरहेको पाइन्छ। उद्धार भनेको कुनै विपद्मा परेको मानिसलाई सकुशल त्यस विपदबाट मुक्त गर्नु वा ज्यान बचाउनु हो। तर यहाँ भग्नावशेष वा पहिरोमा पुरिएर ज्यान गुमाएको मानिसको लास निकाल्ने कार्यलाई समेत उद्धार भन्ने गरेको पाइन्छ, त्यो गलत हो। उद्धार जीवित मानिसको मात्र हुन्छ।

विपद्को संवेदनशील अवस्थामा पनि नाजायज फाइदा उठाउने अत्यन्तै अमानवीय र लुब्ध चरित्र हाम्रा कतिपय व्यापारी र व्यवसायीहरुमा पाइन्छ। त्यो एकदमै निन्दनीय र दण्डनीय प्रवृत्ति हो। यसपालि पनि अविरल वर्षाले राजमार्ग अबरुद्ध भएको मौका छोपी विमान सेवा कम्पनीहरुले समेत बाध्यतामा परेका यात्रुहरुसँग तेब्बर भाडा असुलेको गुनासो व्यापक रुपमा आयो। यस्ता विषयमा सरकार गम्भीर हुनुपर्छ। यस सन्दर्भमा ९० सालको महाभूकम्पपछि खाद्यान्नको भाउ नबढाई यथावत् राख्न नमान्ने साहुमहाजनलाई तत्कालीन प्रधानमन्त्री जुद्धशम्शेरले दिएको जवाफ चर्चित मानिन्छ। समयमै प्रभावकारी पूर्वतयारी गर्न नसक्दा गत साता दुई दिनको अविरल बर्षामै नेपालको विपद्सँग सामना गर्न सक्ने क्षमता उदाङ्ग भएको छ। अब करिब तीन महिनापछि विशेषगरी तराई भेगमा आउने शीतलहरबाट यसपालि एक जना मानिसले पनि जीवन गुमाउनु नपर्ने सुनिश्चित गर्न के तीन तहका सरकार र सबै सम्बन्धित पक्ष तयार छनर त ? (लेखक राससका पूर्व महाप्रबन्धक तथा 'विपत् पत्रकारिता' पुस्तकका सह-लेखक हुनुहुन्छ)

# बाढीपहिरो र डुबान प्रभावित १७ हजार भन्दा बढीको उद्धार : गृह मन्त्रालय




काठमाण्डु । बाढीपहिरो र डुबान लगायत प्राकृतिक विपद्मा परेका १७ हजार १२० जनाको सकुशल उद्धार गरिएको छ । विपद्मा खोज उद्दारमा खटिएको नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र स्वयम्सेवकबाट विहिबार विहानसम्म १७ हजार भन्दा बढीको उद्धार गरिएको गृह मन्त्रालयका प्रवक्ता सहसचिव ऋषिराम तिवारीले जानकारी दिनुभयो । उहाँले विपद्मा परी बेपत्ता परेका २२ जनाको खोजी जारी रहेको जानकारी दिँदै विपद्का घटनामा घाइते भएका १६९ जनाको विभिन्न अस्पतालहरुमा निःशुल्क उपचारको प्रवन्ध गरिएको बताउनुभयो ।

"घाइते मध्ये अधिकांश घर फर्किसक्नु पनि भएको छ।" प्रवक्ता तिवारीले भन्नुभयो-" विपद्का बेला अतिप्रभावित क्षेत्रमा सुरक्षाकर्मीद्धारा घटनास्थलमै स्वास्थ्य शिविर र तत्कालको राहत सामग्री समेत वितरण गरिएको थियो।"गृह मन्त्रालयका अनुसार हालसम्म काठमाडौं उपत्याकाबाट २ हजार १५८ , कोशी प्रदेशबाट ९० जना, मधेश प्रदेशबाट ३५ , सबैभन्दा बढी बागमती प्रदेशबाट १३ हजार ६४० जनाको उद्धार गरिएको छ।

" प्रभावित जिल्लाबाट नेपाली सेनाको हेलिकप्टरबाट पनि बिरामी, घाइते, बालबालिका, जेष्ठ नागरिकहरुलाई प्राथमिकतामा राखेर यो अवधीमा उद्दारकार्य गरियो " ,उहाँले भन्नुभयो" खोज तथा उद्दारको काम अन्तिम चरणमा पुग्नुका साथै बेपत्ताको खोजी तीव्र रुपमा भइरहेको छ।"

> गृहमन्त्री लेखकले राजमार्ग सुचारु गर्न सहजीकरण, यात्रुहरुको सहज र सुरक्षित यात्रा गर्ने लगायतका विषयमा यातायात व्यवसायीहरुसित पनि छलफल गर्नुभएको थियो ।

त्यसैगरी गृह मन्त्री रमेश लेखकले खोज, उद्धार तथा राहत वितरणका साथै अवरुद्ध राजमार्ग खुलाउन सरोकारवाल निकाय एवं मन्त्रालयसित समन्वय गरिरहनुभएको छ । उहाँले प्रभावित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुलाई उद्धार, राहत वितरण र घाइतेहरुको स्वास्थ्य उपचारमा विषेश ध्यान दिन निर्देशन दिनुभएको छ । गृहमन्त्री लेखकले राजमार्ग सुचारु गर्न सहजीकरण, यात्रुहरुको सहज र सुरक्षित यात्रा गर्ने लगायतका विषयमा यातायात व्यवसायीहरुसित पनि छलफल गर्नुभएको थियो ।

त्यस्तै काठमाडौ, ललितपुर, भक्तपुर, धादिङ, सिन्धुली लगायतका जिल्लामा विपद्मा मृत्यु भएका मृतकका परिवारलाई आर्थिक सहायता बाफत राहत रकम उपलब्ध गराउनुका साथै घर भत्किएका परिवारलाई राहत रकम वितरण सुरु गरिएको छ। भने प्रभावित जिल्लामा विभिन्न दातृ निकाय र दाताहरुबाट पनि राहत सामाग्री जिल्ला विपद् व्यवस्थापन समितिलाई उपलब्ध भइरहेको छ।

सहसचिवको नेतृत्वमा कार्यदल गठन गरी गृह मन्त्रालयले प्रभावित आठ जिल्लामा आवश्यक, समन्वय सहकार्य र विपद्मा परेका नागरिकहरुको सहजीकरणका लागि कार्यदल खटाएको छ । कार्यदललाई प्रभावितहरुको तत्काल उद्धार तथा राहत कार्यमा समन्वय र सहजीकरण, मानवीय र भौतिक क्षेत्रको संक्षिप्त विवरण तयारी गरी तत्काल गर्नुपर्ने कार्यका सम्वन्धमा सुझाव दिने लगायतका कार्यदेश दिइएको छ ।रासस

# नेपालको बिजुली बङ्गलादेश निर्यात

काठमाण्डु । लामो गृहकार्य र छलफलपछि अन्ततः नेपालको बिजुली बङ्गलादेश जाने भएको छ । भारतपछि नेपालको बिजुली पहिलोपटक तेस्रो मुलुक निर्यात गर्ने गरी सम्झौता भएको छ । विहिबार दुई देशका उच्च अधिकारीबीच विद्युत् खरिद बिक्री सम्झौतामा हस्ताक्षर गर्ने सहमति भएपछि लामो छलफलपछिको प्रयास सफल हुन लागेको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव एवं प्रवक्ता चिरञ्जीवी चटौतले जानकारी दिनुभयो ।

बङ्गलादेशमा भएको राजनीतिक परिवर्तनका कारण पछाडि सरेको विद्युत् व्यापार सम्झौताका विषयमा पछिल्ला दिनमा सघन छलफल भएको थियो । दुई देशका ऊर्जा सचिस्तरीय संयुक्त निर्देशक समितिको आज सम्पन्न छैटौँ बैठकले बिहीबार सम्झौता गर्ने निर्णय गरेको छ । सचिवस्तरीय संयन्त्रमा नेपालको तर्फबाट ऊर्जासचिव सुरेश आचार्य र जनगणतान्त्रिक बङ्गलादेश सरकारका तर्फबाट विद्युत्, ऊर्जा तथा खनिज मन्त्रालयका वरिष्ठ सचिव मोहम्मद हबिवुर रहमानको सहअध्यक्षता थियो।

प्रवक्ता चटौतका अनुसार पहिलो चरणमा ४० मेगावाट बिजुली बङ्गलादेश निर्यात हुनेछ । सम्झौतामा नेपाल विद्युत् प्राधिकरण, बङ्गलादेश पावर डेभलपमेन्ट बोर्‍ड र भारतीय नोडज एजेन्सी एनटिपीसी विद्युत् व्यापार निगमबीच विद्युत् बिक्री सम्झौतामा हस्ताक्षर हुनेछ । आज (बिहीबार) ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, बङ्गलादेशको वन, वातावरण, जलवायु परिवर्तन तथा जलस्रोतमन्त्री सैयदा रिजवाना हसनको उपस्थितिमा त्रिपक्षीय सम्झौतापत्रमा हस्ताक्षर हुने कार्यक्रम तय भएको प्रवक्ता चटौतले जानकारी दिनुभयो।

यस्तै, सुनकोशी तेस्रो जलविद्युत् आयोजना नेपाल, बङ्गलादेश र भारतबीच सहकार्यपूर्ण सहभागिताका आधारमा विकास गर्ने र सो आयोजना विकास गर्ने सम्बन्धमा प्राधिकरण र बङ्गलादेशको पावर डेभलपमेन्ट बोर्डबीच संयुक्त कम्पनी स्थापना गर्नेसम्बन्धी संयुक्त उपक्रम सम्झौता आगामी बैठकअगावै टुङ्गो लगाउने सहमति भएको छ।

नेपाल र बङ्गलादेशबीच विद्युत् व्यापारका लागि प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनको प्राविधिक र आर्थिक पक्षको अध्ययन गरिनेछ । नेपालको जलविद्युत् क्षेत्रमा लगानी प्रवर्द्धनका लागि बङ्गलादेशको निजी क्षेत्रलाई आकर्षित गर्न व्यावसायिक सम्मेलन आयोजना गर्ने सम्बन्धमा सम्भावनाहरूको खोजी गरिनेछ।



वैकल्पिक ऊर्जाको क्षेत्रमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र बङ्गलादेशको समान कार्य गर्ने संस्थाबीच सहकार्य गर्नेसम्बन्धी समझदारीपत्रलाई आवश्यक प्रशासनिक प्रक्रिया पूरा गरी अन्तिम रूप दिने र हस्ताक्षर गर्ने विषयमा पनि दुई देशका ऊर्जा सचिवस्तरीय बैठकमा सहमति भएको छ।

यस्तै नेपाल, बङ्गलादेश र भारतबीच विद्युत् व्यापार, अन्तरदेशीय प्रसारण लाइन निर्माणलगायत विद्युत् क्षेत्रमा सहकार्यका लागि द्विपक्षीय बैठकमा त्रिपक्षीय संयन्त्र बनाउन आ-आफ्नो तर्फबाट पहल गरिनेछ। माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको विद्युत् बङ्गलादेशले खरिद गर्ने सम्बन्धमा बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड र भारतीय कम्पनी ग्रान्धी माल्लिकार्जुन राव (जिएमआर) बीच हुने विद्युत् व्यापार सम्झौताका सन्दर्भमा बङ्गलादेशले नेपाली अधिकारीलाई जानकारी गराएको थियो।

विसं २०८० को जेठ १ गते नेपालका तर्फबाट ऊर्जा मन्त्रालयका सहसचिव चटौत तथा बङ्गलादेशको विद्युत् ऊर्जा तथा खनिज मन्त्रालयका अतिरिक्त सचिव डा साइद मासुम अहमद चौधरीको सहअध्यतामा बसेको संयुक्त कार्य समूहको छैटौँ बैठकले तय गरेको कार्यप्रगति पेस गरिएको थियो । त्यसमा अन्तरदेशीय विद्युत् प्रसारण लाइनको निर्माण तथा व्यवस्थापन गर्ने, सुनकोशी तेस्रो जलविद्युत् आयोजनाको निर्माण तथा विकास प्रक्रिया अगाडि बढाउने, प्रसारण प्रणालीको विकास गर्नेलगायत विषयमा समावेश थिए।

गत असारमा नै विद्युत् व्यापारसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्ने तयारी गरिएको थियो । दुई देशका ऊर्जा सचिवस्तरीय बैठकका अवसरमा सम्झौताको तयारी गरिए पनि अन्तिममा स्थगित भएको थियो । बङ्गलादेशमा भएको राजनीतिक परिवर्तनका कारण नेपाल, भारत, बङ्गलादेशका ऊर्जामन्त्रीको उपस्थितिमा सम्झौताको तयारी गरिए पनि अन्तिम समयमा आएर स्थगित भएको जनाइएको छ । बङ्गलादेशको अन्तरिम सरकारले बिजुली लैजाने विषयमा सघन छलफल गरिरहेको र आवश्यक पहल भइरहेको थियो। नेपालले भारतीय प्रसारण लाइनको प्रयोग गरी वर्षायाममा बङ्गलादेशमा विद्युत् निर्यात गर्नेछ।

यस्तै, कुल छ सय ८० मेगावाटको सुनकोशी जलाशययुक्त जलविद्युत् आयोजनाको निर्माण र विकासका लागि नेपाल विद्युत् प्राधिकरण र बङ्गलादेश पावर डेभलपमेन्ट बोर्डबीच संयुक्त उपक्रम सम्झौता हस्ताक्षरका लागि आवश्यक प्रक्रिया अगाडि बढेको छ। यो अर्को महत्वपूर्ण विषय हो। प्राधिकरणले पाँच वर्षसम्म वर्षायामका छ महिना ४० मेगावाट बिजुली बङ्गलादेशलाई बिक्री गरिने जनाएको छ। प्रतियुनिट आठ रुपैयाँ १७ टाका (नौ रुपैयाँ ३० पैसा) मा प्राधिकरणले बिजुली बिक्री गर्नेछ।

नेपाल र भारतबीच विद्युत् आयात निर्यातका लागि हाल सञ्चालनमा रहेको ढल्केबर- मुजफ्फरपुर अन्तरदेशीय लाइन हुँदै भारतीय भूमिमा रहेको बहरामपुर-भेरमारा चार सय केभी प्रसारण लाइन हुँदै बिजुली बङ्गलादेश जानेछ। प्राधिकरणले तोकिएको मूल्य भारतको मुजफ्फरपुर बिन्दुमा पाउनेछ । प्रसारण लाइनको ढल्केबर-मुजफ्फरपुरबीचको प्राविधिक चुहावट भने प्राधिकरणले नै व्यहोर्ने छ।

साङ्केतिक रूपमा नै भए पनि बङ्गलादेशमा बिजुली बिक्री हुनु नेपालको सफलताका रुपमा लिइएको छ। भारतपछि उपक्षेत्रीय रूपमा नेपालको बिजुली अन्यत्र पुग्नु आफैँमा महत्त्वपूर्ण हुने सरकारको बुझाइ छ। प्राधिकरणले भारतीय कम्पनी एनभिभीएनलाई बिजुली उपलब्ध गराउने छ। सोही कम्पनीले नेपाली बिजुली बङ्गलादेश पुर्याउने छ । प्राधिकरणले चिलिमे र त्रिशूली जलविद्युत् केन्द्रबाट उत्पादित बिजुली बङ्गलादेशमा निर्यात गर्ने बताउँदै आएको छ।

बङ्गलादेश सरकारले सन् २०४० सम्म नेपालबाट नौ हजार मेगावाट बिजुली लैजाने यसअघि नै घोषणा गरिसकेको छ। नेपाल र भारतबीच पनि १० वर्षमा १० हजार बिजुली निर्यात गर्नेसम्बन्धी दीर्घकालीन सम्झौता भइसकेको छ। गत साउन १३ मा नेपाल, भारत र बङ्गलादेशका ऊर्जामन्त्रीको उपस्थितिमा त्रिपक्षीय सम्झौताको तयारी गरिएको थियो। यस्तै, नेपाल र बङ्गलादेशका ऊर्जा सचिवस्तरीय बैठकको समेत आयोजना गरिएको थियो । बङ्गलादेशको राजनीतिक परिवर्तनले सो कार्यक्रम स्थगन हुन पुग्यो। यी दुई देशबीच ऊर्जा क्षेत्रमा सहकार्य गर्नेसम्बन्धी द्विपक्षीय समझदारीमा २०७५ सालमा नै हस्ताक्षर भइसकेको छ। सम्झौता कार्यान्वयन भएमा प्राधिकरणले वर्षायाममा बिजुली बिक्री गरेर रु एक अर्ब २३ करोड बराबर आम्दानी हुने प्रक्षेपण गरेको छ।

बङ्गलादेशले भारतीय कम्पनी ग्रान्धी माल्लिकार्जुन राव (जिएमआर)ले निर्माण गर्न लागेको नौ सय मेगावाट क्षमताको माथिल्लो कर्णाली जलविद्युत् आयोजनाबाट उत्पादन हुने पाँच सय मेगावाट बिजुली लैजान इच्छा व्यक्त गरेको छ । विद्युत् बिक्रीसम्बन्धी सम्झौताका विषयमा पटकपटक छलफल भए पनि अन्तिम निष्कर्ष भने निस्कन सकेको छैन।

यस्तै सुनकोशी तेस्रो जलविद्युत् आयोजना निर्माण र विकासका लागि प्राधिकरण र बङ्गलादेशको पावर डेभलपमेन्ट बोर्डबीच संयुक्त उपक्रम निर्माण गर्ने समझदारी २०८० जेठ २ गते सम्पन्न ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको पाँचौं बैठकले गरिसकेको छ। सोही बैठकले दुई देशबीच विद्युत् व्यापारका लागि अन्तरदेशीय प्रसारण लाइनका सम्भाव्य विकल्पको अध्ययन गर्न प्राविधिक टोलीलाई निर्देशन दिने निर्णय गरेको थियो।

दुई देशका ऊर्जा सचिवस्तरीय संयन्त्रको पहिलो बैठक २०७५ मङ्सिर १७ र १८ मा काठमाडौँमा सम्पन्न भएको थियो । सोही बैठकमा नेपालको बिजुली बङ्गलादेश लैजान सहजीकरण गर्ने विषयमा प्रारम्भिक छलफल भएको थियो। त्यसअघि २०७५ साउन २५ गते तत्कालीन ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुन र बङ्गलादेशका विद्युत् ऊर्जा तथा खनिज स्रोत राज्यमन्त्री नसरुल हमिदबीच विद्युत् क्षेत्रमा द्विपक्षीय सहकार्य सुरुआत गर्ने प्रयोजनार्थ एक समझदारीमा हस्ताक्षर भएको थियो । सोही समझदारीपछि दुई देशका ऊर्जा सचिवस्तरीय संयन्त्रको बैठक नियमित बस्दै आएको छ । हाल प्राधिकरणले भारतलाई मात्रै बिजुली निर्यात गर्दै आएको छ ।रासस

# विपद्बाट घाइते भएका कोही पनि उपचारबाट बञ्चित हुनुपर्दैनः स्वास्थ्यमन्त्री

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले विपद्बाट घाइते भएका कोही पनि उपचारबाट वञ्चित हुननपर्ने बताउनुभएको छ ।विहिबार राष्ट्रिय ट्रमा सेन्टरमा घाइतेको अवस्थाबारे जानकारी दिँदै उहाँले भन्नुभयो, "कुनै पनि घाइतेहरु उपचारबाट वञ्चित हुनुपर्दैन । उपचाररत घाइतेको जस्तोसुकै जटिल अवस्थाको उपचार निःशुल्क हुनेछ।"



उहाँले विपद्को बेला सबैले सहयोग गर्नुपर्ने उल्लेख गर्दै सबै स्वास्थ्य संस्थालाई प्रभावकारी ढङ्गले सेवा उपलब्ध गराउन निर्देशन दिएको बताउनुभयो। मन्त्री पौडेलले घाइतेले उपचारका लागि स्वास्थ्य संस्थामा जान र आउन नसक्नेलाई अस्पतालले ल्याउने व्यवस्था पनि गरिने जानकारीदिनु दिनुभयो ।विपद्ले महामारीजन्य रोग निम्त्याउन सक्ने भएकाले शुद्ध खानेपानीका सम्बन्धमा खानेपानी मन्त्रालयसँग संयुक्त बैठक बसिसकेको उहाँले बताउनुभयो।

उहाँले बाढीपहिरो प्रभावित क्षेत्रमा स्वास्थ्य शिविरको आयोजना गर्ने तयारी भइरहेको जनाउनुभयो।

यसका लागि स्थानीय र प्रादेशिक तहसँग समन्वय गरेर अगाडि बढ्ने उहाँको भनाइ छ ।हालसम्म ट्रमा सेन्टरमा २४ जना घाइतेले उपचार गराइसकेका छन् जसमा १३ जना डिस्चार्ज भइसकेका छन् भने केहीको शल्यक्रिया गरिएको छ ।रासस

# कृषकका उत्पादनको सरकारले बजारीकरण गर्छः मन्त्री भण्डारी

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले कृषकले उत्पादन गरेका वस्तुको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत खरिद गरेर सरकारले बजारीकरण गर्ने बताउनुभएको छ।

'ह्याण्डीक्राफ्ट, मेड इन नेपाल, मेक इन नेपाल' भन्ने मूल नारा का साथ भृकुटीमण्डपमा विहिबारदेखि सुरु भएको हस्तकलाका सामग्रीको प्रवर्द्धन गर्ने उदेश्यले आयोजित तीन दिने हिमालयन इन्टरनेशनल एक्स्पोको उदघाटन समारोहमा उहाँले नेपाली कृषकले उत्पादन गरेका हरेक वस्तुको बजारीकरणका लागि वाणिज्य मन्त्रालयबाट छिट्टै कार्यविधि बनाएर खरिद प्रक्रिया थालिने बताउनुभयो।

केही समययता जुम्लालगायतका जिल्लामा स्याउको बिक्री नभएर बोटमै सड्न थालेको भनेर हल्ला फिजाइएपछि सरकारले त्यसको बजारीकरण गर्न चाँसो देखाउँदा त्यहाँका स्याउका बोट नै पहिल्यै व्यापारीले ठेक्कामा किनिसकेको जानकारी प्राप्त भएको मन्त्री भण्डारीले बताउनुभयो।

"सरकारले कृषकलाई प्रोत्साहित गर्न उनीहरुले उत्पादन गरेका खाद्य पदार्थ तथा वस्तुको बजारीकरण गर्ने तयारी गरिरहेको छ, अहिले पनि कर्णालीको सिमी र मार्सी चामललगायत वस्तु खरिद गरेर खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले बजारीकरण गरिरहेको छ, अब कम्पनीले हिमाली तथा पहाडी जिल्लाका किसानलाई प्रोत्साहित गर्न अन्यत्र बिक्री हुन नसकेका वस्तु खरिद गर्नेछ", उहाँले भन्नुभयो।




यस्तै मन्त्री भण्डारीले नेपाली उत्पादनको निर्यात वृद्धि गरी आर्थिक समृद्धिको दिशातर्फ अगाडि लैजान यो प्रदर्शनीले महत्वपूर्ण भुमिका खेल्ने भनाइ राख्नुभयो । सो एक्स्पोबाट हस्तकलासँग सरोकार राख्ने लघु तथा मझौला उद्यमीका लागि लगानी र व्यापार दुवैको अवसरसमेत सिर्जना भएको उहाँको भनाइ छ। उहाँले नेपाली उत्पादनको उपभोग गर्नुपर्नेमा जोड दिनुभयो। मन्त्री भण्डारीले भन्नुभयो, "उद्योग मन्त्रालयले अहिले स्वदेशी वस्तुको उपभोगलाई अनिवार्य गराउने अभियानअनुसार स्वदेशी वस्तुको उपभोगका विषयमा कार्यविधि बनाइरहेको छ, कार्यविधिले पहिलो चरणमा सरकारी निकायबाट स्वदेशी वस्तुको उपभोग अभियानको सुरुआत गरेर विस्तारै देशव्यापी बनाइने छ, कार्यविधि लगभग अन्तिम चरणमा छ।"

> यस्तै मन्त्री भण्डारीले नेपाली उत्पादनको निर्यात वृद्धि गरी आर्थिक समृद्धिको दिशातर्फ अगाडि लैजान यो प्रदर्शनीले महत्वपूर्ण भुमिका खेल्ने भनाइ राख्नुभयो ।

यस्तै मन्त्री भण्डारीले अन्तर र्ष्ट्रियस्तरको प्रदर्शनी स्थलको आवश्यकता औँल्याउँदै निजी क्षेत्रसँगको सहकार्यमा प्रदर्शनीस्थल निर्माण गर्न सरकार तयार रहेको बताउनुभयो । साथै उहाँले निजी क्षेत्रसँगकै सहकार्यमा जिर्ण एवं बन्द अवस्थामा रहेका देशका उद्योग तथा कलकारखाना सञ्चालन गर्न सरकारले पहल गरिरहेको बताउनुभयो।

कार्यक्रममा सांसद ज्ञानेन्द्र शाही र गणेश पराजुली, नेपाल उद्योग वाणिज्य महासङ्घका सदस्य डा रामशरण थपलियालगायत वक्ताहरुले स्वदेशी वस्तुको उपभोगमा जोड दिँदै बन्द अवस्थामा रहेका उद्योग सञ्चालन गरिनुपर्ने र युवा जनशक्ति पलायन रोक्नुपर्नेमा जोड दिनुभयो ।रासस

# 'लुम्बिनी प्रदेश सरकारले सामुदायिक अस्पतालसँग सहकार्य गर्ने'

लुम्बिनी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले स्वास्थ्य सेवामा सुधार गर्न प्रदेश सरकारले सामुदायिक अस्पताल तथा स्वास्थ्य संस्थासँग सहकार्य गर्ने बताउनुभएको छ।

जिल्लाको बाणगङ्गा नगरपालिका-१ मा बुटवलमा गौतमबुद्ध सामुदायिक मुटु अस्पतालले मृगौला रोगीको स्वास्थ्य उपचारका लागि सञ्चालन गरेको डायलाइसिस सेन्टरको विहिबार उद्घाटन गर्दै उहाँले नागरिकलाई निरोगी बनाउँदै स्वस्थ समाज निर्माण गर्न सामुदायिक अस्पतालसँग सहकार्य गर्ने बताउनुभएको हो।



नीतिगत सुधार र कार्यविधि निर्माण गरेर प्रदेश सरकार सामुदायिक अस्पतालसँग सहकार्य गर्न तयार रहेको उहाँले बताउनुभयो।

लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेमबहादुर सारु मगरले लुम्बिनी प्रदेशलाई स्वास्थ्य क्षेत्रमा नमुना बनाउनेगरी सरकारले भूमिका बढाएको बताउनुभयो। उहाँले गुणस्तरीय स्वास्थ्य सेवा पु-याउन सामुदायिक अस्पतालसँग सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। प्रदेशका पूर्व स्वास्थ्यमन्त्री तथा प्रदेशसभा सदस्य विष्णु पन्थीले सामुदायिक स्वास्थ्य संस्थाले नागरिकको स्वास्थ्य उपचारमा अतुलनीय योग्दान पुर्‍याएको चर्चा गर्दै सरकारी क्षेत्रबाट सहयोग गर्नुपर्ने बताउनुभयो। मृगौला फेल भएका बिरामीको स्वास्थ्य उपचारका लागि रोटरी क्लब अफ सेन्ट्रल बुटवल र रोटरी क्लब अफ सेन्ट्रल कपिलवस्तुको सहयोगमा गौतमबुद्ध सामुदायिक मुटु अस्पतालले सामुदायिक डायलाइसिस सेन्टर सञ्चालनमा ल्याएको हो।

मृगौला फेल भएका बिरामी यसअघि डायलाइसिस सेवा लिन जिल्ला बाहिर जानुपर्ने बाध्यता थियो।

उक्त डायलाइसिस सेन्टरमा १० वटा डायलाइसिस मेसिनबाट दैनिक ६० बिरामीलाई सेवा पु-याउन सक्ने क्षमता छ। उक्त डायलाइसिस सेन्टर रु पाँच करोडको लगातमा स्थापना गरिएको गौतमबुद्ध सामुदायिक मुटु अस्पतालका अध्यक्ष एजाज आलमले जानकारी दिनुभयो। एक बिरामीले हप्ताको दुई देखि तीन दिनसम्म डायलाइसिस गर्नुपर्ने अवस्था रहेको डायलाइसिस सेन्टरले जनाएको छ।

लुम्बिनी प्रदेशमा गौतमबुद्ध सामुदायिक मुटु अस्पतालले चार वटा डायलाइसिस सेन्टर सञ्चालनमा ल्याएको छ ।रासस

# के एआईले कुनै दिन नोबेल पुरस्कार जित्नेछ ?

एएफपी

स्टकहोम। आर्टिफिसियल इन्टेलिजेन्स (एआई)ले बैङ्किङ र वित्तदेखि फिल्म र पत्रकारितासम्मका उद्योगहरूलाई व्यापक चुनौती थपिदिएको छ। वैज्ञानिकहरूले एआईले आफ्नो क्षेत्रमा कसरी क्रान्ति ल्याउन सक्छ वा नोबेल पुरस्कार पनि जित्न सक्छ कि भनेर अनुसन्धान गरिरहेका छन्।सन् २०२१ मा जापानी वैज्ञानिक हिरोकी किटानोले 'नोबल ट्युरिङ च्यालेन्ज' को प्रस्ताव गर्दै अनुसन्धानकर्ताहरूलाई सन् २०५० सम्ममा नोबेल पुरस्कारका लागि योग्य अनुसन्धान गर्न सक्षम 'एआई वैज्ञानिक' निर्माण गर्न आमन्त्रण गर्नुभएको थियो।



केही वैज्ञानिकहरू पहिले नै नोबेलको योग्य एआई सहकर्मी सिर्जना गर्न कडा मेहनत गरिरहेका छन्, यस वर्षको पुरस्कार विजेताहरू अक्टोबर ७ देखि १४ को बीचमा घोषणा गरिनेछ।स्वीडेनको चाल्मर्स युनिभर्सिटीमा मेशिन इन्टेलिजेन्सका प्राध्यापक रोस किङका अनुसार वास्तवमा विश्वभर करिब १०० जना 'रोबोट वैज्ञानिक' छन् ।सन् २००९ मा किङले एक अनुसन्धान पत्र प्रकाशित गर्दै उहाँ र उहाँका सहकर्मीहरूको एक समूहले स्वतन्त्र रूपमा वैज्ञानिक खोजहरू गर्ने पहिलो मेशिन 'रोबोट साइन्टिस्ट एडम' सार्वजनिक गरेका थिए।

"हामीले एउटा रोबोट निर्माण गर्‍यौं जसले आफैंले नयाँ विज्ञान पत्ता लगायो, नयाँ वैज्ञानिक विचारहरू सिर्जना गर्‍यो र तिनीहरूको परीक्षण गर्‍यो र ती सही थिए भन्ने पुष्टि पनि गर्‍यो," किङले एएफपीसँग भन्नुभयो। त्यो रोबोट स्वायत्त रूपमा परिकल्पनाहरू स्थापित गर्न बनाइएको थियो। त्यसपछि यो परीक्षण गर्ने प्रयोगका लागि बनाइयो। यी प्रयोगशाला रोबोटहरूलाई प्रक्रियागत रूपमा सिक्न र दोहोर्‍याउने प्रयोगका कार्यक्रम निर्माणका लागि थियो।

**-'उपलब्धि सामान्य भएपनि तुच्छ होइनन' -**

'आदम' लाई खमीरको भित्री कार्यहरू अन्वेषण गर्ने जिम्मा दिइएको थियो र यसले पहिले जीवमा भएको जानकारीमा नआएका 'जिनको कार्यहरू' पत्ता लगायो।रोबोट वैज्ञानिकका निर्माताहरूले आफ्ना प्रस्तुतिमा खोजहरू 'सामान्य' भएपनि तिनीहरू 'तुच्छ' थिएनन् भन्ने दाबी गरेका थिए। पछि, मलेरिया र अन्य उष्णकटिबन्धीय रोगहरूको लागि औषधीय स्रोतहरूको अध्ययन गर्न 'इभ' नामक दोस्रो रोबोट वैज्ञानिकको स्थापना गरिएको थियो।

किङका अनुसार अनुसन्धान र निचोड निकाल्न यस पहिलेका रोबोट वैज्ञानिकहरू नै औसत मानव वैज्ञानिकभन्दा धेरै अगाडि छन्। "रोबोट वैज्ञानिक खोजी गर्न कम पैसा लाग्ने हुन्छन्। उनीहरू २४ सै घण्टा काम गर्छन्", उहाँले भन्नुभयो, "उनीहरू प्रक्रियाको हरेक विवरण रेकर्ड गर्न पनि बढी लगनशील छन्।"

तर उनीहरू आर्टिफिसियल इन्टेलिजेन्स (एआई) नोबेल योग्य वैज्ञानिकको नजिक हुनबाट धेरै टाढा रहेको किङले स्वीकार्नभएको छ। उहाँले भन्नुभयो,"त्यसका लागि तिनीहरू 'धेरै बुद्धिमान' हुनुपर्छ र 'जटिलभन्दा जटिल कुरा बुझ्न' सक्षम हुनुपर्छ।"

**- एआई पुरस्कारका लागि धेरै टाढा -**

नर्वेजियन युनिभर्सिटी अफ साइन्स एन्ड टेक्नोलोजीका एसोसिएट प्रोफेसर इन्गा स्ट्रम्केले तत्कालका लागि वैज्ञानिक पेशा सुरक्षित रहेको बताउनुभयो।उहाँले एएफपीसँग भन्नुभयो, "वैज्ञानिक परम्परा चाँडै नै मेशिनले कब्जामा लिन सक्ने अवस्थामा छैन।"

"यद्यपि, यसको मतलब यो 'असम्भव छ' भन्ने होइन, यो 'निश्चित रूपमा' स्पष्ट छ कि एआईको विकास भइरहेको छ र विज्ञान कसरी सञ्चालन गरिन्छ भन्नेमा प्रभाव पर्नेछ।"यो पहिले नै कसरी प्रयोगमा छ भन्ने एक उदाहरण गुगल डीपमाइन्डद्वारा विकसित एआई मोडेल अल्फाफोल्ड हो। यो उनीहरूको एमिनो एसिडको आधारमा प्रोटीनको त्रि-आयामी संरचनाको भविष्यवाणी गर्न प्रयोग गरिन्छ।

"हामीलाई थाहा थियो कि एमिनो एसिड र प्रोटीनको अन्तिम त्रि-आयामी आकारबीच केही सम्बन्ध छ र त्यसपछि हामी यसलाई पत्ता लगाउन मेशिनको सिकाइ प्रयोग गर्न सक्दछौं," स्ट्रम्केले भन्नुभयो। उहाँले यस्ता गणनाहरूको जटिलता मानिसका लागि असाध्यै गाह्रो भएको बताउनुभयो। उहाँले भन्नुभयो, "हामीसँग यस्तो उपकरण छ, जसले कुनैपनि मानिसले गर्न नसक्ने काम गरेको छ।"

स्ट्रम्केका अनुसार, एकै समयमा, अल्फाफोल्डको मामलाले हालको एआई मोडेलहरू जस्तै तथाकथित तन्त्रिका नेटवर्कको कमजोरीहरूमध्ये एक पनि प्रदर्शन गर्दछ।"तिनीहरू ठूलो मात्रामा जानकारी सङ्कलन गर्न र जवाफको साथ आउनमा धेरै निपुण छन्, तर त्यो उत्तर किन सही छ भनेर व्याख्या गर्न तिनीहरूको ज्ञान धेरै राम्रो छैन।"त्यसैले अल्फाफोल्डले भविष्यवाणी गरेको २० करोडभन्दा बढी प्रोटिन संरचना 'अत्यन्त उपयोगी' भए पनि यसले हामीलाई माइक्रोबायोलोजीबारे केही पनि सिकाउँदैन," स्ट्रम्केले भन्नुभयो।

**- एआईद्वारा सहायता प्राप्त -**

स्ट्रम्केका विचारमा विज्ञानले ब्रह्माण्डलाई बुझ्न खोज्छ तर यो केवल 'सही अनुमान लगाउने' बारेमा मात्र होइन। तैपनि, अल्फाफोल्डले गरेको अभूतपूर्व कार्यले विज्ञहरूलाई नोबेल पुरस्कारका लागि अग्रपङ्क्तिमा उभ्याएको छ।गुगल डीपमाइन्डका निर्देशक जोन जम्पर र प्रमुख कार्यकारी अधिकृत तथा सहसंस्थापक डेमिस हसाबिस सन् २०२३ मा प्रतिष्ठित लस्कर अवार्डबाट सम्मानित भइसकेका छन्।

सन् २०२४ मा हुने रसायनशास्त्रको नोबेल पुरस्कारका लागि यो जोडीलाई शीर्ष स्थानमा राखिएको एनालिटिक्स समूह क्लेरिभेटले अक्टोबर ९ मा घोषणा गरेको थियो।अनुसन्धान समूहका प्रमुख डेभिड पेन्डलबरीका अनुसार सन् २०२१ मा जम्पर र हसाबिसको एउटा शोधपत्रलाई हजारौं पटक उद्धृत गरिएको भए तापनि नोबेल जुरीले प्रकाशनपछि यति छिट्टै उक्त कामलाई पुरस्कार दिनु अस्वाभाविक हुनेछ।

साथै, एआईद्वारा सहायता प्राप्त अनुसन्धानले सबैभन्दा प्रतिष्ठित विज्ञान पुरस्कारहरू जित्न धेरै समय लाग्ने छैन भन्ने विश्वास पेन्डलबरीको रहेको छ।पेन्डलबरीले एएफपीसँग भन्नुभयो, "आजकल अधिक आर्टिफिसियल इन्टेलिजेन्सको विकास भइरहेको छ। वैज्ञानिक गणनाका लागि तिनीहरूको अधिक प्रयोग भएको छ। अर्को दशकभित्र नोबेल पुरस्कारहरूका लागि एआइको दाबी रहनेछ भन्नेमा मलाई विश्वास लाग्छ।"

## टि-ट्वान्टी : नेपालद्वारा ओमान पराजित



काठमाण्डु क्यानडामा जारी त्रिकोणात्मक टि-ट्वान्टी सिरिजमा नेपालले ओमानलाई पराजित गरेको छ। क्यानडाको किङ सिटीमा बुधबार राति भएको खेलमा नेपालले ५६ रनको जित हात पारेको हो।

नेपालले दिएको एक सय ५८ रनको लक्ष्य पछ्याएको ओमान १९ दशमलव पाँच ओभरमा एक सय एक रन जोड्दै अलआउट भयो। ओमानका जिसान मकसुदले ३५ र अकिब इलियासले २२ रन बनाए। यसअघि नेपालले सात विकेटको क्षतिमा एक सय ५७ रन जोड्यो। कप्तान रोहित पौडेलको उत्कृष्ट प्रदर्शनमा नेपालले त्रिकोणात्मक टि-ट्वान्टी आई सिरिजमा ओमानलाई ५६ रनले हराएको हो।

नेपालका कुशल भुर्तेलले तीन, रोहित पौडेल र सन्दीप लामिछानेले २-२ विकेट लिए। टस हारेर पहिला ब्याटिङ रोजेको नेपालले २० ओभरमा सात विकेट गुमाउँदै एक सय ५७ रन बनाएको थियो।

नेपालको जितमा कप्तान रोहित पौडेलले ४४ बलमा दुई चौका र चार छक्कासहित ५६ रनको योगदान दिए। ओपनर अनिल साह ११, आसिफ शेख १६, देव खनाल १८, दीपेन्द्रसिंह ऐरी एक, गुल्सान झा दुई र कुशल भुर्तेल ११ रनमा आउट भएका थिए।रासस

## भ्रष्टाचार आरोपमा सिङ्गापुरका पूर्वमन्त्रीलाई जेल सजाय

एएफपी

सिङ्गापुर। सिङ्गापुरका एक पूर्वमन्त्रीलाई न्यायमा बाधा पुर्‍याएको र गैरकानुनी रुपमा उपहार स्वीकार गरेको अभियोगमा बिहीबार १२ महिनाको जेल सजाय सुनाइएको छ।फर्मुला वनलाई सिङ्गापुरमा ल्याउन मद्दत गर्ने पूर्व यातायातमन्त्री एस ईश्वरनलाई यस वर्ष ३५ वटा आरोप लगाइएको थियो। विश्वको सबैभन्दा कम भ्रष्टचार हुने देशमध्येको एक देशको रूपमा उद्धृत गरिएको सिङ्गापुरमा उक्त आरोप भ्रष्टाचारसँग सम्बन्धित थियो।



इश्वरनको सजाय अभियोजन पक्षले अनुरोध गरेको छ देखि सात महिनाको भन्दा बढी गम्भीर थियो, जुन उच्च अदालतका न्यायाधीश भिन्सेन्ट हुङले सार्वजनिक विश्वासमा मुद्दाको प्रभावलाई ध्यानमा राख्दै "स्पष्ट रूपमा अपर्याप्त" हुने बताएका थिए।"सार्वजनिक संस्थाहरूमाथिको विश्वास र भरोसा प्रभावकारी शासनको आधार हो। एउटा सरकारी कर्मचारी निष्ठा र जवाफदेहिताको मापदण्डभन्दा तल झरेको जस्तो देखिने मुद्दामा उक्त सजायँ अझै कम हो जस्तो लाग्छ," हुङले बिहीबार सजाय सुनाउँदै भन्नुभयो।

गत हप्ता ईश्वरनलाई न्यायमा बाधा पुर्‍याएको र अवैध उपहार स्वीकार गरेको अभियोगमा दोषी ठहर गरिएको थियो।

अभियोजनकर्ताहरूले एक अर्बपति घरजग्गा व्यवसायीसँग सम्बन्धित केही सहितकेवल पाँच वटा कमजोर आरोपहरू अघि बढाएका थिए।स्थानीय सञ्चारमाध्यमका अनुसार उहाँको प्रतिरक्षा टोलीले ईश्वरनलाई अक्टोबर ७ देखि लागु हुनेगरी जेल सजाय सुनाउन माग गरेको छ।अदालतले ६२ वर्षीय उहाँलाई त्यस दिन अपरान्ह ४ बजे स्टेट्स कोर्टमा आत्मसमर्पण गर्न आदेश दिएको थियो।

तीन लाख अमेरिकी डलरभन्दा बढी मूल्यका उपहार स्वीकार्नेजस्ता आरोपबारे औपचारिक रूपमा सूचित भएपछि ईश्वरनले जनवरीमा राजीनामा दिनुभएको थियो। उहाँले राजीनामा पत्रमा अदालतमा आफुमासथको आरोपबारे सफाइ दिने बताउनुभएको थियो।

ईश्वरनले सरकारलाई करिब दुई लाख ९५ हजार अमेरिकी डलर नगद, ब्रोम्पटन साइकललगायतका उपहार समेत फिर्ता दिइएको महान्यायाधिवक्ताको कार्यालयले जनाएको छ।

ईश्वरनले सिंगापुरका धनाढ्य होटल व्यवसायी ओङ बेङ सेङको खर्चमा एक बिजनेस क्लासको उडानको अनुसन्धान गर्न सिंगापुरका अधिकारीहरूलाई रोक्ने प्रयाससँग सम्बन्धित मुद्दामा बाधा पुर्‍याएको आरोप लगाइएको छ। अन्य चार आरोप होटल प्रोपर्टीज लिमिटेडका प्रबन्ध निर्देशक ओङ र एक निर्माण कम्पनी लुम कोक सेङका शीर्ष निर्देशक ओङबाट ह्विस्की र गल्फ क्लबका बोतलसहित उपहार प्राप्त गरेको सँग सम्बन्धित छन्।

## अष्ट्रेलिया सरकारको कडाइपछि विद्यार्थी भिसा आवेदनमा कमी

सिन्ह्वा

क्यानबेरा। अष्ट्रेलियामा अध्ययन गर्नका लागि अन्तर्राष्ट्रिय विद्यार्थीहरूको भिसा आवेदनको संख्या करीव आधाले घटेको छ।

नाइन इन्टरटेनमेन्ट पत्रिकाले बिहीबार प्रकाशित गरेको शिक्षा विभागको तथ्याङ्कअनुसार अगस्टमा विदेशबाट १५ हजार २७० अन्तर्राष्ट्रिय विद्यार्थी भिसा आवेदन दर्ता भएका र यो संख्या सन् २०२३ को अगस्ट (३० हजार ७०३) को आधा हो।अष्ट्रेलियामा अध्ययन गर्ने भिसाका लागि जुलाईमा, १८ हजार ६९७ विद्यार्थीहरूले आवेदन दिएका छन्। सन् २०२३ को सोही महिनामा ३६ हजार २०७ विदेशी विद्यार्थीहरूले आवेदन हालेका थिए।



हाल अष्ट्रेलिया सरकारले अन्तर्राष्ट्रिय विद्यार्थी भिसाको आवेदन शुल्क ७१० अष्ट्रेलियाली डलर बाट बढाएर एक हजार ६०० अष्ट्रेलियाली डलर बनाएको छ। सरकारले अगस्टमा अष्ट्रेलियाको उच्च आप्रवासी प्रवेशलाई घटाउने बृहत् रणनीतिको रूपमा २०२५ मा विश्वविद्यालय र व्यावसायिक शिक्षा प्रदायकहरूमा नयाँ अन्तर्राष्ट्रिय विद्यार्थी भर्नालाई दुई लाख ७० हजारमा सीमित गर्ने घोषणा गरेको थियो।

नयाँ तथ्याङ्कअनुसार अष्ट्रेलियामा अन्तर्राष्ट्रिय विद्यार्थीहरूको दोस्रो ठूलो स्रोत भारतबाट भिसा आवेदनहरू जुलाई र अगस्ट २०२३ को १३ हजार ४७ बाट ६६.४ प्रतिशतले घटेर २०२४ को सोही अवधिमा चार हजार ३८३ मा झरेको छ। यसैगरी, फिलिपिन्सको आवेदन संख्या पाँच हजार १२६ बाट ८४९ र पाकिस्तानको चार हजार २३४ बाट घटेर ६१६ मा झरेको छ।

अन्तर्राष्ट्रिय विद्यार्थीका रूपमा सबैभन्दा धेरै अष्ट्रेलिया जाने चिनियाँ विद्यार्थीको भिसा आवेदन सन् २०२३ र २०२४ को बीचमा १० प्रतिशत भन्दा कमले घटेको छ। अष्ट्रेलिया विश्वविद्यालयहरूको सर्वोच्च निकाय (युनिभर्सिटिज अस्ट्रेलिया) ले विश्वविद्यालयहरूलाई सरकारको प्रस्तावित विद्यार्थी सीमाले देशको अर्थव्यवस्थालाई अर्बौं डलर घाटा लाग्नेछ भने यसको परिणामस्वरूप उच्च शिक्षा क्षेत्रमा हजारौं रोजगारी गुम्नेछन्।

## विदेशी प्रभाव कानूनको विषयमा इयुले हङ्गेरीलाई अदालतमा लग्यो

एएफपी

ब्रसेल्स। युरोपेली सङ्घ (इयु) ले बिहीबार विदेशी प्रभाव रोक्नका लागि बुडापेस्टले पारित गरेको कानूनहरूका विषयमा हङ्गेरीलाई युरोपेली अदालतमा लगेको बताएको छ। हङ्गेरीले पारित गरेको कानूनहरूलाई आलोचकहरूले सरकारी विरोधीहरूलाई चुप पार्ने प्रयास भनेका छन्।

प्रधानमन्त्री भिक्टर ओर्बनको राष्ट्रवादी सरकारले गत वर्ष पारित गरेको कानूनले मौलिक अधिकार र अन्य नियमहरूको उल्लङ्घन गरेको युरोपेली आयोगले बताएको छ।

"हङ्गेरीको 'सार्वभौमिकताको रक्षा' सम्बन्धी राष्ट्रिय कानूनलाई इयु कानूनको उल्लङ्घन मानेकाले युरोपेली आयोगले हङ्गेरीलाई अदालतमा पठाउने निर्णय गरेको छ", इयुको शीर्ष कार्यकारी निकाय युरोपेली आयोगले भनेको छ।

हङ्गेरीको कानूनले निर्वाचन अभियानहरूका लागि विदेशी आर्थिक सहयोगलाई अपराध मान्छ र व्यापक अनुसन्धान शक्तिहरू भएको नयाँ सार्वभौमिकता संरक्षण कार्यालय स्थापना गर्दछ।

नयाँ कार्यालयलाई दिइएको व्यापक विवेकाधिकारले नागरिक समाज सङ्गठन, मिडिया आउटलेट र पत्रकारहरूलाई प्रतिकूल रूपमा प्रभावित गरेको आयोगले बताएको छ। आयोगले बुडापेस्टलाई दुई पटक पत्र लेखेपछि अदालतमा पठाउने निर्णय आएको हो। पहिलो पटक आफ्नो चिन्ता व्यक्त गर्न र त्यसपछि तिनीहरूलाई सम्बोधन गर्न अनुरोध गर्न पत्र लेखिएको थियो। तर ती दुवै पत्रलाई अस्वीकार गरियो।

अदालतले कुनै पनि मुलुकलाई इयु कानूनहरूको पालना गर्न आदेश दिन र जरिवाना लगाउन सक्छ। यो कदमले इयु र ओर्बनबीचको तनाव अझ बढाउने सम्भावना छ।

ओर्बन प्राय ब्रसेल्ससँग विवादमा हुनुहुन्छ। इयु र अन्य मुलुकहरू विशेषगरी संयुक्त राज्य अमेरिकाले हङ्गेरीमा मतदाताहरूलाई प्रभावित गर्न घरेलु विपक्षी समूहहरूलाई आर्थिक सहयोगका साथ समर्थन गर्ने गरेको बुडापेस्टले नियमित रूपमा दाबी गर्दै आएको छ।

## जापानका प्रधानमन्त्रीले 'ह्याप्पीनेस इन्डेक्स' को योजना सार्वजनिक गर्ने

एएफपी

टोकियो। जापानका प्रधानमन्त्री शिगेरु इशिबाले शुक्रबार आफ्नो पहिलो संसदीय नीति भाषणका क्रममा नयाँ खुशी सूचकाङ्क प्रस्ताव गर्ने स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

सार्वजनिक र निजी क्षेत्रहरूले तयार पारेको 'ह्याप्पीनेस इन्डेक्स' (सूचकाङ्क) मा इशिबाको अर्थव्यवस्थाको लागि योजनाहरू र देशको घट्दो जनस८्याको सामना गर्न प्रस्ताव गरिने अपेक्षा गरिएको छ।

गत साता सत्तारुढ दलको नेतृत्वमा भएको निर्वाचनमा विजयी भएपछि ६७ वर्षीया इशिबा मङ्गलबार प्रधानमन्त्री बन्नुभएको थियो। उहाँले क्षेत्रीय सरकार र न्यून आय भएका परिवारका लागि बढ्दो सहयोगजस्ता नीतिका लागि आफ्नो जनादेशलाई बलियो बनाउन अक्टोबर २७ का लागि मध्यावधि निर्वाचन गर्न चाहेको बताउनुभएको छ।



उहाँको सम्बोधनले विदेश नीतिका मामिलाहरूलाई कसरी सम्बोधन गर्नेछ भन्ने स्पष्ट छैन तर सार्वजनिक प्रसारक एनएचके र अन्य सञ्चारमाध्यमले इशिबाले मुद्रास्फीतिसँग लड्ने प्रतिज्ञालाई नवीकरण गर्ने र नयाँ मौद्रिक प्रोत्साहन प्याकेजको लागि योजना घोषणा गर्ने सम्भावना छ।गत शुक्रबार लिबरल डेमोक्र्याटिक पार्टी (एलडीपी) ले इशिबालाई नेता बनाएपछि येनको मूल्य बढेको थियो। उहाँले बैंक अफ जापानको अति-शिथिल नीतिहरूबाट बहिर्गमनको व्यापक समर्थन गर्नुभएको छ।

तर इशिबाले बुधबार साँझ पत्रकारहरूसँग कुरा गर्दै थप ब्याजदर वृद्धिका लागि वातावरण उपयुक्त नभएको र यसले जापानी मुद्रालाई फेरि धाराशायी बनाउने बताउनुभएको थियो। प्रधानमन्त्रीले सन् २०३० सम्ममा जापानको औसत न्यूनतम ज्याला एक हजार ५५ येनबाट बढाएर एक हजार ५०० येन (१०.२२ अमेरिकी डलर) पुर्‍याउने योजनाको पनि घोषणा गर्नुहुनेछ।

विश्वको चौथो अर्थतन्त्रका रूपमा चिनिने जापानको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (जिडिपी) बढाउने यो प्रयास जनताको खुशीको स्तर बढाउने उहाँको दृष्टिकोणको हिस्सा हो।एनएचकेका अनुसार उहाँले राष्ट्रको मूललाई असर गर्ने तीव्र गतिमा बढेको वृद्ध जनस८्यालाई 'मौन सङ्कट' को संज्ञा दिने अपेक्षा गरिएको छ।

इशिबाले भूकम्प र बाढीको जोखिममा रहेको जापानका लागि नयाँ विपद् व्यवस्थापन मन्त्रालय सुरु गर्ने योजनाका साथै आणविक ऊर्जाको महत्त्वमा जोड दिने बताइएको छ।जापानमा आणविक शक्ति एक विभाजनकारी विषय हो।

यसमा व्यापारिक समूहको समर्थन छ तर फुकुशिमामा सन् २०११ मा आएको सुनामीले निम्त्याएको विपत्तिपछि पनि जनता अझै पनि चिन्तित छन्।

नोमुरा रिसर्च इन्स्टिच्युटका कार्यकारी अर्थशास्त्री तथा बैंक अफ जापानका पूर्व बोर्ड सदस्य ताकाहिदे किउचीका अनुसार समग्रमा इशिबाको सम्बोधन आगामी आम निर्वाचनको बारेमा बलियो जागरुकता ल्याउने खालको हुनेछ।"इशिबा सरकारले चुनाव जित्न र आफ्नो शक्तिको आधार बलियो बनाउन प्राथमिकता दिएको देखिन्छ," उहाँले भन्नुभयो।

# पशुपतिनाथको स्वामित्वमा रहेको धर्मशाला २१ वर्षपछि फिर्ता



काठमाण्डु । पशुपतिनाथको स्वामित्वमा रहेको गौशालास्थित धर्मशाला २१ वर्षपछि फिर्ता भएको छ । काठमाडौँ जिल्ला अदालतले विसं २०६० मा श्री पशुपतिनाथ अमालकोट कचहरी (हाल पशुपति क्षेत्र विकास कोष) र मारवाडी सेवा समितिबीच भएको पशुपति गौशाला धर्मशाला सञ्चालनसम्बन्धी सम्झौता खारेजी सदर गरिदिएपछि धर्मशाला पशुपतिनाथ मातहतमा आएको हो ।

पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्ले २०८० साउन १७ गते मारवाडी सेवा समितिसँग भएको नौबुँदे सम्झौता खारेज गर्ने निर्णय गरेपछि समितिले दायर गरेको मुद्दामा अदालतले दाबी नपुग्ने फैसला गरेको हो । समितिले 'करार रद्द गर्ने निर्णय बदर गरी यथावत् पुनर्वहाली गरिपाऊँ' भनी जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो ।

अदालतका सूचना अधिकारी मेलिस बाँस्कोटाले समितिले दायर गरेको मुद्दामा दाबी नपुग्ने फैसला भएको बताउनुभयो ।

यससँगै कोष र समितिबीच भएको नौबुँदे सम्झौता रद्द गर्ने निर्णय सदर भएको छ । अब मारवाडी सेवा समितिले २१ वर्षदेखि कब्जा गरेको काठमाडौँको गौशालास्थित कित्ता नं. ८३ को चार रोपनी १५ आना दुई पैसा क्षेत्रफल र सोही स्थानको कित्ता नं. ८५ को चार रोपनी दश आना क्षेत्रफल गरी जम्मा नौ रोपनी नौ आना जग्गा कोषमै फिर्ता भएको सदस्य सचिव डा मिलनकुमार थापाले राससलाई जानकारी दिनुभयो ।

"वर्षको ५१ हजार तिरेर व्यापारिक लाभका लागि पशुपतिनाथको स्वामित्को धर्मशाला प्रयोग भएको थियो । लामो प्रयासपछि कौडीको भाउमा कब्जामा रहेको सम्पत्ति फिर्ता भएको छ । अब धर्मशालालाई धार्मिक प्रयोजनकै लागि प्रयोग गरिनेछ," उहाँले भन्नुभयो ।

पशुपतिनाथ अमालकोट कचहरीले मारवाडी सेवा समितिलाई धार्मिक प्रयोजनका लागि उपलब्ध गराउने सम्झौता गरेको थियो ।

सम्झौता-पत्रमा सेवा समितिले वार्षिक रु ५१ हजार तिर्ने, रकम दुवै पक्षको सहमतिमा संशोधन गर्न सकिने र पशुपतिनाथमा छाडिएका साँढेलाई परम्पराअनुसार संरक्षण गर्न सेवा समितिले सहयोग गर्ने उल्लेख थियो ।

मारवाडी सेवा समितिले होटल, लज, रेस्टुरेन्ट, डायलासिस सेन्टर सञ्चालन गरिरहेको थियो । समितिले व्यावसायिक प्रयोजनकै लागि जर्सी गाई पालेर दुध बेच्दै आएको थियो । गौशाला धर्मशालामा तला थपेर लज विस्तार गरेको सेवा समितिले १९ वटा सटर मासिक रु ३५ हजारसम्ममा भाडामा लगाएको थियो । सम्झौतापत्रमा तत्कालीन अमालकोट कचहरीका तर्फबाट द्वारे कृष्णलाल वैद्य र सेवा समितिका तर्फबाट महासचिव शिव भगवान् अग्रवालले हस्ताक्षर गर्नुभएको कोषले जनाएको छ । कोषका सदस्य सचिव वसन्त चौधरीको पालामा यो सम्झौता भएको थियो । स्वार्थ बाझिने गरी सम्झौता गराएका चौधरीले आफूनिकट मारवाडी सेवा समितिलाई पशुपतिनाथको सम्पत्ति कौडीको भाउमै सुम्पिएकामा स्थानीयवासीले विरोध गर्दै आएका थिए ।

सम्झौता अनुसार समितिले अहिले पनि वार्षिक रु ५१ हजार कोषलाई बुझाउँदै आएको थियो ।

'सहयोग' शीर्षकमा उक्त रकम बुझाउने र समयानुकूल सम्झौता नवीकरण गर्ने भनिएको थियो । तर सेवा समितिले पशुपतिनाथ मन्दिरको जग्गामा मोहियानी हक दाबी गर्दै सम्झौता नवीकरण गर्न वा धर्मशाला छोड्न अस्वीकार गरेपछि सञ्चालक परिषद्ले सम्झौता खारेज गर्ने निर्णय गरेको थियो ।

सदस्य सचिव थापाले अदालतको फैसलापछि धर्मशाला व्यवस्थितरूपमा सञ्चालन गरिने जानकारी दिनुभयो ।रासस

# सतहमार्गमा समस्या हुँदा हवाई सेवामा चाप

काठमाण्डु । मनसुन सकिनै लाग्दा एक्कासी परेको अविरल वर्षाका कारण देशलाई आक्रान्त बनायो । यही असोज ११ र १२ गतेको अविरल वर्षाका कारण मुलुकका विभिन्न स्थानमा बाढीपहिराले सडक सञ्जाल अवरुद्ध भए । केही दिन काठमाडौं आउने मुख्य सडकमार्ग नै अवरुद्ध हुँदा आवागमनमा समस्या भोग्नुपर्यो । सङ्घीय राजधानी काठमाडौँसहित देशका विभिन्न स्थानमा बाढीपहिरो, डुबानलगायत प्राकृतिक विपत्तिका घटनाले जनजीवन अस्तव्यस्त भएको छ ।



दसैँको मुखमा आ-आफ्नो गन्तव्यमा जान हौसिएका नागरिक सडक अवरुद्ध हुँदा निराश छन् । सडक यातायात सहज नभएको र हवाई यातायात पनि सबैको पहुँचमा नभएकाले थप सास्ती व्यहोर्नुपरेको धेरैको गुनासो छ । काठमाडौँबाट भोजपुर जाने प्रतिक्षामा रहेका अनिल अधिकारीले सडकबाट जाने अवस्था नरहेको र हवाई टिकट पाउन नसकेको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "एक सातादेखि एयरलाइन्समा धाइरहेको छु, टिकट छैन भनेर फर्काउने गरेका छन् । एयरलाइन्सले फूलपातीसम्म सबै सिट अग्रिम बुकिङ भइसकेको भनिरहेका छन् । खै, यसपटक कसरी घर जाने होला !"

सडकमार्ग असहज भएकाले यात्रुहरू महँगो भए पनि हवाईजहाजको यात्रा गर्न चाहँदा पनि टिकट नपाउँदा समस्या भएको गुनासो गर्छन् । काठमाडौँबाट धनगढी जान टिकटका लागि धेरै प्रयास गरे पनि हालसम्म आफ्नो समस्या समाधान नभएको कोटेश्वरका अमित सुनारले बताउनुभयो । काठमाडौँबाट दुर्गम क्षेत्रमा मात्र होइन, सुगम क्षेत्रका विमानस्थलमा पनि यात्रुले हवाई टिकट पाएका छैनन् । सीमित उडान हुने तुम्लिङटार र सुर्खेत विमानस्थलमा त यात्रुलाई टिकट पाउन निकै सास्ती हुने गरेको छ ।

यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले सीमित उडानका कारण दसैँका लागि सबै टिकट सकिएको बताउनुभयो । फूलपातीदेखि विजयादशमीसम्म भद्रपुर, विराटनगर, जनकपुर, सिमरा, भरतपुर, पोखरा, भैरहवा, नेपालगञ्ज र धनगढी विमानस्थलमा टिकट पाउन मुस्किल रहेको उहाँले बताउनुभयो ।

बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णका अनुसार सबैजसो गन्तव्यको ' अकुपेन्सी फुल' भएको छ । उहाँले जहाज सङ्ख्या कम भएकाले पनि यात्रुको माग धान्न नसकिएको बताउनुभयो । विगत वर्षहरूमा पनि दसैँ, तिहार छठलगायत महत्त्वपूर्ण चाडपर्वमा हवाईयात्रीको चाप हुने गरेको थियो । यसपटक अविरल वर्षापछिको बाढी पहिरोलगायत विपत्तिका घटनाले सडकमार्ग अवरोध हुँदा हवाई उडानमा थप चाप बढ्न गएको जनाइएको छ ।

### एकैदिन ३५ हजार बढीले गरे हवाईयात्रा

बाढीपहिराले सडक अवरुद्ध भएपछि हवाई उडानमा चाप बढ्दा पछिल्ला दिनमा यात्रुको भीड थामिनसक्नु छ । गन्तव्य जाने प्रतिक्षामा हजारौँ यात्रुको भीडले विशेषगरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनलमा निकै भीडभाड देख्न सकिन्छ । विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार यही असोज १४ गते एकैदिन आन्तरिक र अन्तर्राष्ट्रिय उडान गरी पाँच सय ५९ उडान भएका थिए । ती उडानमार्फत सोही दिन ३५ हजार सात सय चार जनाले हवाईयात्रा गरेका छन् । असोज १५ गते दुवैतर्फ गरी पाँच सय ११ उडान भएका छन् । उडान सङ्ख्या बढेपछि विमानस्थलमा एयर ट्राफिक जाम भइरहेको छ । समयमा आन्तरिक उडान नहुँदा अन्तर्राष्ट्रिय उडानतर्फका विमान पनि लामो समयसम्म ' होल्ड'मा बस्नुपर्ने बाध्यता छ । उडान सङ्ख्या बढेपछि आन्तरिक विमानस्थमा अबेर रातिसम्म उडान भइरहेका छन् ।फ्लाइट राडरका अनुसार मङ्गलबार र बुधबार करिब एक घण्टा विमान होल्ड भएका थिए । यसकारण आन्तरिकतर्फका एयरलाइन्सले पटकपटक उडान समय परिवर्तन गर्नुपरेको छ ।

### दसैमा रात्रिकालीन हवाई उडान

सरकारले हवाई उडान चापलाई मध्यनजर गर्दै दसैँको पहिलो दिन आज (घटस्थापना)देखि पूर्णिमासम्म रात्रिकालीन उडान सञ्चालन गर्ने जनाएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले घटस्थापनादेखि पूर्णिमासम्म रात्रिकालीन उडानको व्यवस्था मिलाएको बताउनुभयो । उहाँले चाडपर्वमा यात्रुलाई हवाई टिकटमा सहजता र भाडामा न्यूनता ल्याउनेगरी रात्रिकालीन उडानको व्यवस्था मिलाएको बताउनुभयो ।

मन्त्री पाण्डेले भन्नुभयो, "बाढीपहिरो तथा चाडपर्वका कारण सिर्जित बढ्दो हवाई चापलाई सम्बोधन गर्न घटस्थापनादेखि असोज ३० गते पूर्णिमाको दिनसम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध विमानस्थल र पोखरालगायत विमानस्थलमा रात्रिकालीन उडानको व्यवस्था मिलाएको छु ।" साथै उहाँले रात्रिकालीन उडान हुने सम्पूर्ण विमानस्थलमा बिहान ४:३० बजेदेखि राति अपरेशनको समयसम्म आवश्यकतानुसार उडान हुने उल्लेख गर्नुभयो ।

### मनसुन लम्बियो

यसपालि मनसुन लम्बिएर दसैँसम्मै वर्षा हुने जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । नेपालमा सामान्यतया जुन १० मा मनसुन भित्रिने र अक्टोबर २ तारिखमा मनसुन बाहिरिने गर्छ । महाशाखाका वरिष्ठ मौसमविद् प्रतिभा मानन्धरले यसपटक मनसुन सरदर मितिभन्दा थप केही दिन पर धकेलिने बताउनुभयो ।


भारी वर्षाको पूर्वानुमान

देशभर मनसुनी वायुको प्रभाव रहेको जनाउँदै महाशाखाले भारतको उत्तरपूर्व आसाम र आसपासको क्षेत्रमा बनेको न्यूनचापीय प्रणालीको आंशिक प्रभाव रहेको उल्लेख गरेको छ । हाल कोशी, बागमती र गण्डकी प्रदेशमा आंशिकदेखि साधारण बदली रही बाँकी प्रदेशमा आंशिक बदली रहेको छ । कोशी प्रदेशका केही स्थानमा तथा बागमती र गण्डकी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । आज दिउँसो कोशी र बागमती प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ ।

### पर्यटन व्यवसायी मर्कामा

पर्यटकीय सिजन सुरु भएसँगै बाढीपहिरोको विपत्तिले अरु सबै क्षेत्रजस्तै पर्यटन व्यवसायी मर्कामा परेका छन् । चाडपर्व सुरु भएकाले पदयात्रा, पर्वतारोहणलगायत गतिविधिमा रमाउने पर्यटकलाई गन्तव्यमा पुग्न समस्या भएकाले मनसुनजन्य विपद्का घटनाले पर्यटनमा समस्या सिर्जना गरेको होटल सङ्घ नेपालका अध्यक्ष विनायक शाहले बताउनुभयो । पर्यटकलाई गन्तव्यमा पुग्न कठिन भइरहेकाले यसबाट पर्यटकीय पूर्वाधारमा लगानी गरेका व्यवसायी बढी मर्कामा पर्ने उहाँको भनाइ छ । नेपाल एशोसिएसन अफ टूर एण्ड ट्राभल एजेन्टस् (नाट्टा)का अध्यक्ष कुमारमणि थपलियाले अहिलेको विपद्जन्य घटनाले पर्यटन व्यवसायीलाई झस्काएको बताउनुभयो ।रासस

# बाढीपछि पर्यटकको पर्खाइमा सौराहाका होटल व्यवसायी



चितवन । सौराहास्थित राप्ती नदीको किनारमा रहेको सन्सेट होटलको नदी तटीय क्षेत्रमा बाढीले बगाएर पाँच फिट बढी गहिरो भएको थियो । विहिबार बिहान सौराहा पुग्दा बाढीले बनाएको खाल्डो पुरेर मिलाउने काम भइरहेको थियो ।

रेष्टुरेन्टका सञ्चालक दीपेन्द्र खतिवडाका अनुसार बाढीले एक मान्छे गहिरो खाल्टो बनाएको थियो । उहाँले भन्नुभयो, "अब करिब पूर्ववतः अवस्थामा आयो, भोलिबाट रेष्टुरेन्ट सञ्चालनमा ल्याउन सकिन्छ ।"

हरेक वर्ष नदी तटीय क्षेत्रमा बाढी आउने भए पनि यस वर्ष अलि बढी क्षति भएको छ । "उहाँको सँगै १५ रेष्टुरेन्ट बाढीले असर पुर्‍याएको छ, रेष्टुरेन्ट सञ्चालकको छाता संस्था क्षेत्रीय रेष्टुरेन्ट एण्ड बार एशोसिएशन (रेवान) का अध्यक्ष ध्रुव गिरीका अनुसार अधिकांश क्षति पुगेका रेष्टुरेन्ट मर्मत र सरसफाइ गरेर सञ्चालनमा आउन थालेका छन्", उहाँले भन्नुभयो, "बाढीपछि अब हामी पर्यटकको पर्खाईमा छौँ ।"

बालुवा र पाँगो माटोले कतै भरिएको तथा कतै बाढीले खोतलेका ठाउँ र संरचना मर्मत सम्भारको काम अन्तिम चरणमा पुगेको छ । क्षेत्रीय होटल सङ्घ सौराहाका अध्यक्ष गङ्गा गिरीका अनुसार राप्ती किनारका केही होटलमा नदीको बाढी पसेको थियो । ठूलो क्षति नभए पनि आंशिक क्षति केही होटलमा पुगेको थियो ।होली लज, सपना भिलेज, होटल रिभर साइड लगायतका होटलमा बाढी पसेको थियो । ती होटलको पनि सरसफाइ र मर्मत गरिसकिएको उहाँले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "बाढीका कारण अहिले सौराहाका कुनै होटल बन्द छैनन् ।" गत शुक्रबार र शनिबार परेको अविरल वर्षाले धेरै राजमार्गमा क्षति पुगेपछि त्यसको प्रत्यक्ष प्रभाव यहाँको पर्यटन क्षेत्रमा परेको छ । गिरीका अनुसार अहिले सौराहामा बढीमा ५०० पर्यटक छन् । गत वर्ष यही समयमा दैनिक चार हजार बढी पर्यटक हुने गर्दथे । तीमध्ये आधा तेस्रो मुलुकका, ३० प्रतिशत नेपाली र २० प्रतिशत चिनियाँ पर्यटक हुने गरेको उहाँले जानकारी दिनुभयो ।

लामो समय बस्ने पर्यटकलाई भिसा निःशुल्क गर्ने र चितवन राष्ट्रिय निकुञ्ज प्रवेशको टिकट काटेपछि सात दिन हुने व्यवस्था गर्न सकेमा पर्यटकको सङ्ख्या बढ्ने उहाँ बताउनुहुन्छ । अहिले हरेक दिन निकुञ्जको टिकट काट्नुपर्ने हुन्छ । टिकटको अवधि बढाएमा सौराहासहित पश्चिम चितवन, माडी र चेपाङ मार्गमा पर्यटकको सङ्ख्या बढ्ने उहाँको भनाइ छ ।

सङ्घका पूर्वअध्यक्ष सुमन घिमिरे यस वर्ष बाढी नआउँदा पनि उत्साह नदेखिएको भन्दै बाढी आएपछि थप प्रभावित भएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "विश्व बजारमा नेपालमा घुम्ने रुचि कम भएको पाइयो ।" विदेशी पर्यटकको सङ्ख्या घटेको र नेपाली आउने समयमा बाढीका कारण बाटो अवरुद्ध हुँदा समस्या भएको उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो, "बाटो बन्द छन्, जहाजको टिकट महँगो छ, त्यो पनि पाइदैन, पर्यटक कसरी आउन सक्नु ?"

सङ्घका महासचिव गुणराज थपलिया यस वर्षको मुख्य यामको सुरुवातीमा पर्यटकको आगमनमा निकै आएको बताउनुहुन्छ । त्यसका कारण पर्यटनसँग सम्बन्धित क्षेत्र प्रभावित बनेको उहाँको भनाइ छ । सौराहामा ४५ निजी हात्ती छन् । ठूलो सङ्ख्यामा जीप, डुङ्गा सबै प्रभावित बनेका छन् । यहाँका १३८ होटल, १०० हाराहारी रेष्टुरेन्टमा अर्बौंको लगानी छ । थपलियाका अनुसार एकै रातमा छ हजार ६०० भन्दा बढी अट्न सक्ने क्षमता सौराहामा छ । यद्यपि पर्यटक नहुँदा समस्या भएको उहाँ बताउनुहुन्छ ।रासस

# यसवर्ष च्याङ्ग्राको मूल्य घट्यो

म्याग्दी । दसैं पर्वका लागि मुस्ताङबाट ल्याइएको च्याङ्ग्राको मूल्य यसपटक सस्तो भएको छ ।

च्याङ्ग्राको संख्या बढेको र विगतका वर्षमा बजारमा ल्याएको च्याङ्ग्राको मूल्य महंगो हुँदा व्यापार नभएपछि यसपटक कृषकहरुले नै बिक्री मूल्य घटाएका हुन् । गत वर्ष खोरमै प्रतिगोटा ४० हजार भन्दा बढी मूल्य तिरेर च्याङ्ग्रा खरिद गरेका ब्यापारी टसी छेवाङ गुरुङले यसपाली ३० देखि ३३ हजारमा किसानबाट खरिद गरेको बताउनुभयो । "ठाउँ अनुसार पाँच देखि १० हजार कम मूल्यमा च्याङ्ग्रा खरिद भएकाले बिक्री गर्ने मूल्य पनि



घटाएका हौ," उहाँले भन्नुभयो "गत वर्ष काठमाडौ पोखरामा प्रतिगोटा रु. ५५ हजारसम्म परेको च्याङ्ग्राको मूल्य यसपाली रु. ४५ हजार भन्दा कम हुन्छ ।" गत वर्ष बजारमा ल्याएको च्याङ्ग्रा महंगी हुँदा बिक्री नभएर व्यापारीले नोक्सान व्यहोरेको गुनासो गरेका थिए ।

छेवाङ सहित डोल्पाका चार जना व्यापारीले मुस्ताङ हुँदै पाँच दिन हिडेर दुई सय ५० च्याङ्ग्रा बिक्री गर्न पोखरा लैजानका लागि बुधबार म्याग्दीको घोडेपानी पुग्नुभएको छ । मुस्ताङका साथै डोल्पा र मुगुबाट ल्याइएका च्याङ्ग्राहरु दसैमा बिक्रीका लागि म्याग्दी हुँदै देशका विभिन्न सहर बजारमा पुग्न थालेका छन् । म्याग्दी, कास्की, पर्वत, बागलुङ, काठमाडौ लगायत ठाउँबाट च्याङ्ग्रा खरिद गर्नका लागि व्यापारीहरु मुस्ताङ पुगेर फर्किन थालेका हुन् । जडिवुडीयुक्त बुकीमा चरेका च्याङ्ग्राको मासु पोषिलो, तागतिलो र स्वस्थर मानिन्छ ।

दसैं तिहारमा हिमाली च्याङ्ग्राको मासुको खपत बढी हुने गर्छ । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मुस्ताङका प्रमख लालमणी अर्यालका अनुसार बुधबार सम्म सात हजार च्याङ्ग्रा जोमसोम देखि म्याग्दीतर्फ झरेका छन् । यस वर्ष दसैंका लागि मुस्ताङबाट दश हजार च्याङ्ग्रा बिक्री हुने अनुमान गरिएको छ । मुस्ताङबाट म्याग्दीको बेनीसम्म दुई देखि तीन दिन हिंडाएर ल्याएका च्याङ्ग्रा बेनीदेखि ट्रक र गाडीमा राखेर देशका विभिन्न ठाउँमा लैजाने गरिन्छ । तीन वर्ष पुरा भएका च्याङ्ग्रा मासुका लागि बिक्री हुने गर्छ । मुस्ताङको वारागुङ मुक्तिक्षेत्र, घरपझोङ, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकामा ५० हजार च्याङ्ग्रा पालिएका छन् । उपल्लो मुस्ताङका कृषकको मुख्य आयस्रोत च्याङ्ग्रापालन भएको लोघेकर दामोदरकुण्ड गाउँपालिका-४ याराका कृषक डिण्डुप गुरुङले बताउनुभयो । विसं २०८० मा सात हजार, २०७९ मा छ हजार आठ सय, २०७८ मा १२ हजार र २०७६ अघि वार्षिक २० देखि २५ हजारको संख्यामा मुस्ताङबाट भेडाच्याङ्ग्रा निकासी भएको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको तथ्याङ्क छ ।रासस

# बाढीपहिरोबाट क्षतिग्रस्त पुल र सडक स्थायी रुपमा निर्माण गर्न २५ अर्ब लाग्ने




काठमाण्डु । गत साता मुलुकका विभिन्न स्थानमा गएको बाढीपहिरोका कारण भत्किएका सडक तथा पुलको स्थायी मर्मत गर्न रु २० अर्बदेखि २५ अर्ब लागत लाग्ने अनुमान गरिएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले क्षतिग्रस्त सडक निरीक्षणपछि संरचनाहरुको स्थायी रुपमा सुधार गर्न सो बराबरको बजेट आवश्यक भएको जनाएको छ ।

मन्त्री देवेन्द्र दाहालले बाढीपहिरोमा परी अलपत्र परेका यात्रु एवम् यातायात मजदुरलाई यथाशीघ्र उद्धार एवम् राहत उपलब्ध गराउन गृहमन्त्रालयलाई अनुरोधसहित पत्राचार भएको समेत बताउनुभयो । "विषम परिस्थितिका कारण उत्पन्न हुनसक्ने दुर्घटना एवम् जोखिम कम गर्न अतिआवश्यक काम बाहेक यात्रा नगर्न र गर्ने परे सावधानी र सतर्कता अपनाउन अनुरोध गरिएको छ", उहाँले भन्नुभयो, "असोज १२ गतेबाट अग्रिम टिकक बुकिङ गरेर यात्रुहरुलाई सुरक्षित ढङ्गले प्राथमिकता दिई यात्रुहरुलाई गन्तव्य स्थलमा पुर्‍याउन यातायात व्यवसायी, नेपाल प्रहरी र नयाँ बसपार्क व्यवस्थापनसँग समन्वय गरिएको छ ।"

काठमाडौँबाट छुट्ने यात्रुबाहक बसलाई उज्यालो छँदै गन्तव्यमा पुग्ने गरी समन्वय गरिएको उहाँको भनाइ छ । मन्त्रालयका अनुसार क्षतिको विस्तृत विवरण सङ्कलन जारी छ । प्रारम्भिकअनुमान अनुसार सडक तथा पुलतर्फ अस्थायी यातायात चालु गर्न मात्र रु तीन अर्ब लाग्ने देखिएको छ ।

मन्त्रालयका सचिव केशवकुमार शर्माले गत हप्ताको भीषण वर्षाका कारण ३४ वटा राजमार्गहरुका आठ सय पाँच स्थानमा पहिरो गइ सडक अवरुद्ध भएकोमा सात सय ७४ स्थानको पहिरो हटाउने काम सकिएको बताउनुभयो । "२९ वटा राजमार्गमा विभागीय तथा भाडाका यन्त्र उपकरण र जनशक्ति प्रयोग गरी यातायत सञ्चालन गरिसकिएको छ । अझैसम्म पाँच वटा मुख्य राजमार्गका ३१ स्थानमा अवरुद्ध भएको यातायात सञ्चालन गर्न अनवरत प्रयास जारी छ", उहाँले भन्नुभयो, "यसका लागि कतिपय स्थानमा पहिरो हटाउनुका अतिरिक्त कटिङ फिलिङ टेवा पर्खालका साथै ह्युम् पाइप र अस्थायी प्रकृतिको बेलिब्रिज समेत राखी यातायात सञ्चालन गर्नुपर्ने अवस्था छ ।"

यही असोज ११ र १२ गते आएको अबिरल वर्षाका कारण देशको विभिन्न भागका नदीहरुमा भीषण बाढी आउनुका साथै विभिन्न स्थानमा पहिरो जाँदा ठूलो जनधनको ठूलो क्षति भएको थियो ।

हाल अरनिको राजमार्गमा लार्चा-कोदारीको पाँच किलोमिटरमा मर्मत सकिएको छैन भने लिपिङ् पुल र लार्चाको बेलिब्रीज बगाएका कारण यातायात अवरुद्ध भएको छ । बिपी राजमार्ग चौकीडाँडा-कालढुङ्गा १८ किमिमध्ये करिव १२ किमि सडक पूर्णरुपमा बगेका कारण केही स्थानमा सवारी साधनहरु रोकिएको अवस्था छ ।

"रोशी खोलाको पानीको बहावलाई मध्यनजर गरी सम्भव भएसम्मका सबै विकल्पहरु प्रयोग गरी अस्थायी रुपमा यातायात सञ्चालन गरिने छ", सचिव शर्माले भन्नुभयो, "पुष्पलाल (मध्यपहाडी) राजमार्ग दोलालघाट-राकथुम ८० किमि खण्डका धेरै ठाउँमा पहिरो पन्छाउने काम भइरहेको छ ।"शर्माका अनुसार कान्ति राजपथको घपेली-बगुवामा १३ किमि र बागमति पुलको दाँया-बाँया एप्रोच मकवानपुर तथा ललितपुर दुवै तर्फबाट पहिरो सफा गर्ने काम भइरहेको छ ।

मेची राजमार्ग रमिते-फिदिमको आठ किमि, हेवा पुलसहित रमिते डाँडाको पहिरो हटाउने काम भइरहेको छ । मन्त्रालयका अनुसार हेवा खोलामा अस्थायी डाइभर्सन निर्माण गरी यातायात सञ्चालनको तयारी भइरहेको छ । यी खण्डमा असोज १२ गतेदेखिनै सडक विभागमार्फत प्राविधिक, जनशक्ति र उपकरण परिचालन गरी खुलाउने प्रयास भइरहेको छ ।रासस

# जनकपुरधाममा प्रादेशिक शौचालय बनाइने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले तीनवटा प्रादेशिक शौचालय बनाउने भएको छ।

जनकपुरधाम सौन्दर्यीकरण कार्यक्रम अन्तर्गत जनकपुरधाममा प्रदेश सरकारले तीनवटा अत्याधुनिक शौचालय बनाउने तयारी थालिएको छ।

तीन करोड रुपैयाँको लागतमा सो शौचालयहरू निर्माण गर्ने योजना बनाइएको मधेश प्रदेश सरकारले जनाएको छ। प्रादेशिक शौचालय निर्माणका लागि आवश्यकता र प्राथमिकताका आधारमा स्थानको छनोट गर्ने कार्य भइरहेको मुख्यमन्त्रीको कार्यालयले जनाएको।

सोका लागि अहिलेसम्म जनकपुरधामस्थित बसपार्क, राम मन्दिरको दक्षिणी स्थान र कभर्डहल तथा मणिपालको बीचमा जग्गा छनोट समेत गरिएको मुख्यमन्त्रीको कार्यालयले जनाएको छ।




जानकी मन्दिर दर्शन गर्न तथा विभिन्न धार्मिक एवं सांस्कृतिक उत्सवमा सहभागी हुन आउने भक्तजनलगायतका लागि जनकपुरधाममा सुविधा सम्पन्न शौचालय नहुँदा निकै कठिनाइबाट गुज्रिनु परिरहेको गुनासाहरू आउन थालेपछि प्रादेशिकस्तरको शौचालय निर्माण गर्ने जनाइएको छ।

मुख्यमन्त्री सतीशकुमार सिंहले जनकपुरधाममा शौचालयको निकै समस्या भइरहेकाले प्रदेश सरकारले तीनवटा शौचालय निर्माण गर्ने योजना बनाएको बताएका छन्। उनले अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप शौचालय निर्माण गरिने बताए । त्यस्तै जनकपुरधाममै सांस्कृतिक पर्यटकीय पार्क निर्माणका लागि जनकपुरधामको तिरहुतिया गाछीमा जग्गा छनोट गरिएको जनाइएको छ । खुला जिमसहितको पार्क निर्माणका लागि मधेश सरकारले ४० लाख रुपैयाँ विनियोजन गरेको छ।

जबकी तिरहुतिया गाछीमा जनकपुरधाम उपमहानगरपालिकाले समेत अत्याधुनिक शौचालन निर्माण गरेको छ । तर अहिलेसम्म सो शौचालय संचालन आउन नसकेको स्थानीयवासीहरुको गुनासो रहेको छ।

# ठेक्केदारसंग महानगरको मिलेमतो विरुद्ध अदालतको रोक

**अनिल तिवारी**

वीरगञ्ज। वीरगञ्ज महानगरपालिकामा बढेको अनिमितता र भ्रष्ट्राचारको अर्को घटनाको पुनः खुलासा भएको छ। मुलुकको श्रम ऐनलाई लत्याउँदै ठेक्केदारसंग महानगरले गरेको सम्झौता विरुद्ध सम्मानीय अदालतले रोक लगाएको छ।

करोडौं रुपैयाँ कमिसनको आधारमा वीरगञ्ज महानगरपालिकाको सरसफाईको ठेक्का दिएपछि सफाइकर्मी मजदुर अदालत पुगेका छन्। श्री पिपिको आधारमा सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तर्गत गरिएको सम्झौता कार्यान्वयनमा अदालतले अंकुश लगाएको छ।

उच्च अदालत जनकपुरको अस्थायी इजलाश बीरगञ्जले बुधवार सम्झौता कार्यान्वयन नगर्नु भन्दै महानगरविरुद्ध अन्तरकालीन आदेश जारी गरेका छ । वीरगञ्ज महानगरपालिकाले चितवनको भरतपुरमा मुख्य कार्यालय रहेको एनके. इन्टरनेशनल कन्ट्रक्शन प्रालिसंग गरेको सम्झौतामा विरुद्ध अकुंश लगाएको छ। वीरगञ्जका पूर्वमेयर विजय कुमार सरावगी हुँदा नै सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तर्गत सरसफाई सम्झौता भएको थियो।




सोही कम्पनीसंग पहिला भन्दा लगभग दोब्बर ७५ करोड रुपैयाँमा पाँच वर्षको लागि सो आर्थिक बर्ष देखि सरसफाइको जिम्मा लगाइएको छ। जसमा महानगरपालिकामा रहेको सरसफाईका सबै ट्रैक्टर, सफाईकर्मी र सरसफाई महाशाखाका प्रमुखसमेतलाई ठेक्केदार कम्पनीलाई दिने भनिएको विरोध आफूहरु अदालत गएको कर्मचारीहरुको भनाइ छ।

रामप्रसाद कानुले महानगर र सफाई साझेदार विरुद्ध दिएको उत्प्रेषण परमादेशको आदेश माग गर्दै दिएको रिटमा अदालतले अन्तरकालीन आदेश गरेको छ।

सफाई मजदुरले पहिला १८ हजार रुपैयाँ पारिश्रमिक बुझ्दै आएकोमा अहिले ठेक्केदार कम्पनी एनके. इन्टरनेश्नल कन्ट्रक्शन प्रालिले ५ हजार रुपैयाँ मात्र तलब दिएको भन्दै उनीहरु आन्दोलित भएका थिए।

नेपाल सरकारले ०८० साउन ३२ गते राजपत्रमा प्रकाशन गरेर मजदुरको पारिश्रमिक १७ हजार ३ सय रुपैयाँ सुनिश्चित गरेको छ । नेपाली मजदुरको न्यूनतम पारिश्रमिक हो।

श्रम ऐनको दफा १४ ले सेवा प्रदायक स्वामित्व परिर्वतन हुदा समेत रोजगार सम्बन्ध कायम रहने प्रवन्ध गरेको छ । यस अर्थ सफाई कर्मचारीले पहिला देखि खाईपाई आएको सुविधमा कुनै बदलाव नहुने कानूनी रुपमै सुनिश्चत गरेको छ।

तर ठेक्केदार कम्पनी र महानगरले उनीहरुको मागका बारेमा सुनवाई नगरे पछि आफूहरु अदालत जान बाध्य भएको बताउँछन्।

मजदुरले कानूनी आधारमा आफ्नो समस्या लिएर अदालत गएपछि अदालतले सफाई कर्मचारीको माग सम्बोधन हुने गरी अदालतले अन्तरकालीन आदेश जारी गरेको छ। अदालतले कार्तिक ८ गतेका लागि पेशी समेत तोकेको छ।

# उद्योगी व्यवसायीहरुलाई सास्ती

**मनोज माझी**

राजविराज। आर्थिक मन्दीको बेला राजविराजलगायतका उद्योगी व्यवसायीहरुलाई निकै सास्ती भोग्नु परिरहेको छ।

आर्थिक मन्दी, बैंकको ब्याज, कच्चा पदार्थको अभाव, अव्यवहारिक मौद्रिक, कर नीति तथा बिटौरी, ब्लक र स्थानीय मार्गको मापदण्डलगायत विभिन्न जग्गा रोक्का र फुकुवामा रोक लगायतका कारणले यहाँका उद्योग व्यवसाय धराशायी बन्न लागेको उद्योगी व्यवसायीहरुले गुनासो गरेका छन्।

उद्योग बाणिज्य संघ सप्तरीद्वारा बिहीबार आयोजित दशैं, तिहार, छठ र नेपाल सम्वत ११४५ को शुभकामना आदान प्रदान कार्यक्रममा उनीहरुले यस्तो गुनासो गरेका छन्।

उनीहरुले कार्यक्रममा उपस्थित प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीको यसबारे ध्यानाकर्षण गराउँदै समस्या समाधानका लागि सरकारसँग पहल गर्न माग समेत गरेका छन्।




उद्योग बाणिज्य महासंघका केन्द्रीय सदस्य अरुण प्रधानले राज्यको उद्योग तथा व्यवसायन ीत स्पष्ट नहुँदा व्यवसायमा चुनौतीको सामना गर्नु परिरहेको बताएका छन्।

उनले बिटौरी, ब्लक र स्थानीय मार्ग मापदण्डलगायतका जग्गा रोक्का, फुकुवा र नक्शा पासमा वर्षौदेखी रोक लगाइएका कारण त्यस्ता जग्गामा बसोवास गर्ने र व्यापार, व्यवसाय संचालन गर्ने व्यवसायीहरु मारमा परेको बताए।

ाजविराज नगरपालिकामा मात्रै ६८ विघा बिटौरी जग्गामा पुस्तौदेखी बसोवास गर्दै आएका करिब ४ हजार ७ सय परिवार अझै लालपूर्जा पाउन नसक्दा समस्यामा परेका बेला बैंक र वित्तीय संस्थामा सो जग्गा धितो राखी ऋण कर्जा पाउन नसकेको उनको भनाइ छ।

त्यस्तै अवस्था जिल्लाको ब्लक र स्थानीय मार्गको मापदण्ड भनिएका जग्गाहरुको पनी रहेको र लालपूर्जा तथा नक्शा पास कार्य रोक्का हुँदा यहाँको व्यापार व्यवसाय चौपट बन्दै गएको उनले बताए । उनले संकट परेको बेला कुनै कुनै व्यक्तिले उद्योगि व्यवसायीसँग सापटी लिने र पछिगएर पैसा पचाउने नियतले अहिले आएर प्रहरी प्रशासनमा मिटरब्याजीको नाममा निवेदन दिएर फसाउन खोजेको भन्दै यसतर्फ पनि गम्भिरतापूर्वक ध्यान दिनु पर्ने प्रमुख जिल्ला अधिकारी मंग्रातीको ध्यानाकर्षण गराए।

त्यस्तै उद्योग बाणिज्य संघ सप्तरीका अध्यक्ष लालुप्रसाद अग्रवालल बैंकको ब्याज, कच्चा पदार्थको अभाव, जिर्ण बाटोघाटो, अव्यवहारीक कर लगायतका कारणले यहाँका उद्योगि व्यवसायीहरु घरवार बेचेर पलायन हुन थालेको बताए । "उद्योग व्यवसाय नचल्दा एकातिर बजारमा एकपछि अर्को पसलहरु बन्द हुन थालेका छन्', अध्यक्ष अग्रवालले भने, अर्कोतिर अव्यवहारिक कर, बजार अनुगमनको नाममा व्यापारीलाई कारोबारमै असर पर्ने गरी ठूलो रकम जरिवाना र वर्षौदेखि बिटौरी जग्गाको समस्या समाधान नहुँदा जिल्लाका उद्योगी व्यवसायी आत्महत्याको बाटो रोज्न बाध्य समेत हुँदैछन्।"

उनले स्थानीय व्यापार व्यवसाय चौपट बन्दै गएको बेला बैंकले पनि ऋण र ब्याज चुक्ताका लागि मानसिक, आर्थिक र सामाजिक तनाव दिन थालेपछि यहाँका उद्योगि व्यवसायी गम्भिर समस्यामा परेको बताए।

# पञ्चवर्षीय गढीमाई मेलाको शोभा यात्रा निकालियो

**टुडे समाचारदाता**

बारा । विश्वमा प्रख्यात रहेका बाराको गढीमाई मन्दिरमा लाग्ने पञ्चवर्षीय मेलाको बिहीबार विधिवत रुपमा शोभा यात्रा निकालिएर उद्घाटन गरिएको छ।

प्रत्येक पाँच बर्षमा अपार हर्ष र उल्लासका साथ गढीमाई माताको मन्दिरबाट पञ्चे बाजागाजासहित निस्किएको शोभा यात्रा २० किलोमिटरको यात्रा तय गरेर पुनः गढीमाईको मन्दिरमा आएर सम्पन्न गरिएको छ । वाराको महागढीमाई नगरपालिकाको वरियारपुरमा अवस्थित माता गढीमाईको मन्दिरमा बिहीबार विहानै हजारौं श्रद्धालु भक्तजनहरु शोभा यात्रामा सहभागी हुन उपस्थित भएका थिए। बिहानसुरु भएको भव्य शोभा यात्रामा हात्ती, घोडा, उँट, विभिन्न झाँकीसहित सहभागी हुँदा गढीमाईको विधिवत रुपमा उद्घाटन गरिएको छ।

मौसम प्रतिकुल भए पनि माताको कृपा एवं आगमनको धुनसंगै शोभायात्रा निर्विघ्न रुपमा गढीमाई मन्दिरबाट सुरु भई बरियापुर गाउँ हुँदै वरियारपुर इनर्वा चोक, तेलकुवा चोक हुँदै नहर हुँदै बसतपुर चोक, मटिअर्वा चोकदेखि



शितलपुर-विश्रामपुर, कलैया भरत चोक, गुप्ता पेट्रोल पम्प देखि अन्सारी पेट्रोल पम्प, अदालत रोड रामपुर-बिजुलपुरदेखि गंजभवानीपुर दहिया हुँदै गढिमाई मन्दिरसम्म आएर २० किलोमिटरको शोभा यात्रा सम्पन्न भएको महागढीमाई नगरपालिकाको नगर प्रमुख तथा मेला मूल व्यवस्थापन समितिका अध्यक्ष उपेन्द्र प्रसाद यादवले बताए।

आउँदो मंसिरमा लाग्ने गढीमाई पञ्चवर्षीय मेलाका लागि भव्य शोभा यात्रा निकालिएर आधिकारिक रुपमा मेलाको सुरुवात भएको उनले बताए। शोभा यात्रामा हजारौं हजार श्रद्धालु भक्तजनहरूको उपस्थिति रहेको समितिका अध्यक्ष तथा महागढीमाई नगरपालिकाका नगर प्रमुख यादवले बताइन्। उनका अनुसार मन्दिर परिसरबाट निस्किएको शोभा यात्राले कलैया उपमहानगरपालिका लगायत १३ गाउँ भएर करिव २० किलोमिटर सम्मको परिक्रमा गरी विधिवत रुपमा सम्पन्न गरिएको उनले स्पष्ट पारे।

# नहरमा ट्रैक्टर खस्दा बालकको मृत्यु, ३ घाइते

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको मलंगवा नगरपालिका-७ स्थित मुसैलीमा बिहीबार ट्रैक्टर खस्दा नहरमा माछा मारिरहेका एक बालकको मृत्यु भएको छ।

सो दुर्घटनामा अन्य ३ जना बालक घाइते भएका छन् । बिहीबार बिहान साँढे सात बजेतर्फ खुटौनाबाट मुसैलीतर्फ जाँदै गरेको ना ३ त १६२ नम्बरको ट्रैक्टर अनियन्त्रित भएर नहरबाट तल पल्टिँदा नहरमा माछा मारिरहेका बालकहरूमाथि खसेको सर्लाही प्रहरीले जनाएको छ।

सो दुर्घटनामा गम्भीर घाइते भएका मुसैलीका दिनेश साहका छोरा १२ वर्षीय रवि साहको मृत्यु भएको छ । रविलाई उपचारका



लागि वीरगञ्जतर्फ लैजाँदै गर्दा बाटोमा नै मृत्यु भएको सर्लाही प्रहरीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए।

ट्रैक्टर पल्टिँदा जवाहिर मन्सुरका छोरा १० वर्षीय सलमान मन्सुर र कौशल मन्सुरीका छोरा १० वर्षीय जमाल मन्सुर गम्भीर घाइते भएका छन्। गम्भीर घाइते भएका दुवैलाई थप उपचारका लागि वीरगञ्ज रेफर गरिएको उनले बताए।

सामान्य घाइते दिनेश साहका अर्का छोरा १० वर्षीय आर्यन साहको प्रादेशिक अस्पताल मलंगवामा उपचाररत्त छन् । दुर्घटनामा परेको ट्रैक्टर र ट्रैक्टर चालकलाई नियन्त्रणमा लिइएको उनले बताए।

# श्रोत नखुलेको रकमसहित एकजना पक्राउ

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको मटिहानीस्थित सीमानाकाबाट नै श्रोत नखुलेको दश लाख रुपैयाँसहित एक जनालाई सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ।

जिल्लाको मटिहानी नगरपालिका-७ स्थित बोर्डर सीमा इलाकामा चेकजाँच गर्नेक्रममा एकडारा गाउँपलिका-४ स्थित हलखोरीका २३ वर्षीय ललित महारालाई श्रोत नखुलेको नगद १० लाख रुपैयाँसहित नियन्त्रणमा लिएको बीओपी मटिहानीका सशस्त्र प्रहरी निरीक्षक रमेश कुमार पाण्डेयले जानकारी दिए।



सशस्त्र प्रहरी वरिष्ठ हवल्दार गगन डाँगीको नेतृत्वमा रहेको टोलीले ज ७ प ७६२८ नम्बरको मोटरसाइकल चेकजाँच गर्दा आरोपित महराले ल्याउँदै गरेको स्रोत नखुलेको दश लाख रुपैयाँ बरामद भएको प्रहरी निरीक्षक पाण्डेयले बताए। बरामद गरिएको सो रुपैयाँ, मोटरसाइकल र महराको बारेमा थप अनसन्धान भइरहेको उनले बताए।


# बोका बली प्रदान असोज २४ मा हुने

**टुडे समाचारदाता**

जनकपुरधाम। हिन्दुधर्मावलम्बीहरुको आस्थाको केन्द्र प्रसिद्ध शक्तिपीठ राजदेवी मन्दिरमा बोका बली प्रदान यही असोज २४ गते हुने भएको छ।

यही असोज २४ गते सप्तमी तिथिमा पर्ने भएकाले बिहीबार बेलुका बोका बली प्रदान गर्ने निर्णय गरिएको श्रीराम युवा कमिटीका वरिष्ठ उपाध्यक्ष अनिकेत ठाकुरले जनाएका छन्।

वरिष्ठ उपाध्यक्ष ठाकुरले राजदेवी मन्दिरमा यही असोज २४ बिहीबार बेलुका साढे ६ बजेदेखि बोका बली प्रदान सुरु गरिने बताए। मिथिला पञ्चांगका अनुसार बिहीबार



सप्तमी तिथि रहे पनि बेलुका अष्टमी तिथि सुरु हुने र शुक्रबार बिहानसम्म मात्रै अष्टमी तिथि रहने छ।

तिथिकै हेरफेरका कारण बोका बली प्रदानका लागि असोज २४ गतेकै तिथि मिति राख्ने निर्णय गरिएको उनले बताए।

# जनकपुरधाममा सस्ता बजार सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाममा बिहीबारदेखि गोपाल धर्मशालामा सस्ता बजार सुरु भएको छ।

मुख्यमन्त्री सतीशकुमार सिंहले विधिवत रुपमा सात दिनसम्म चल्ने सस्ता बजारको उद्घाटन गर्दै जनकपुरधामको विकासका लागि जनकपुरधाम प्राधिकरण गठन गरिने बताएका छन्।। उनले जनकपुरधामका व्यवस्थित विकासका लागि प्राधिकरण गठन आवश्यक रहेको बताए। जनकपुरधामको विकास गरेर मात्र प्रचारप्रसार गरी मात्रै यहाँको व्यापार प्रवर्द्धन तथा होटेलहरुमा समेत व्यापक सुधार आउन सक्ने उनको भनाइ



थियो । जनकपुरधाम धार्मिक नगरी रहेकाले धार्मिक पर्यटकीय नगरीको रुपमा विकास हुने बताउँदै यसका लागि सरोकारवालले पनि आफूमा व्यापक सुधार ल्याउनुपर्ने जरुरी रहेको उनले टिप्पणी गरे। मुख्यमन्त्री सिंहले स्वदेशी उद्योगलाई सवल र समक्ष बनाउँदै स्वदेशमा उत्पादन भएको वस्तु तथा सामानलाई विदेशमा निर्यात गर्ने गरी काम गर्न उद्योगी व्यवसायीलाई आग्रहसमेत गरे।

निर्धारित समयभन्दा तीन घण्टा ढिला गरी कार्यक्रममा प्रमुख अतिथिको आसन ग्रहण गरेका मुख्यमन्त्री सिंहले सस्ता बजारमा सस्तो, भरपर्दो र गुणस्तरीय सामग्री खरिद गरी लाभ उठाउनका लागि ग्राहक वर्गमा आग्रह पनि गरे।

सो क्रममा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीलगायतका वक्ताले सस्ता बजार लागेकोमा व्यवसायी तथा ग्राहक वर्गमा बडा दशैंको शुभकामना समेत दिए।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८